खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



मेयर घरदैलो स्वास्थ्य शिविर
पृष्ठ ८ मा

● वर्ष १ ● अंक ३३ ● २०७९ साल मंसिर २६ गते सोमवार ● Monday 12, Dec. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेशमा शुन्य मत ल्याउने ५४ जना, २ सय ५४ डमी उम्मेदवार

# ५ सय १ जनाको जमानत जफत

एस.के. कर्ण
जनकपुरधाम, मंसिर २५

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा प्रतिनिधि सभापर्त्क मधेश प्रदेशमा ५ सय १ जनाको जमानत जफ्त भएको छ।

प्रत्यक्षतर्फ प्रदेशका ८ वटै जिल्लामा प्रत्यक्षतर्फ प्रतिनिधि सभा सदस्यका लागि ५ सय ९१ ज्ना चुनावी मैदानमा उत्रेकामा ३२ जना निर्वाचित सहित ९० जनाले मात्र आफ्नो जमानत जोगाउन सफल भएका हुन्।

निर्वाचन आयोग कार्यालयद्वारा जारी मतगणना अनुसार सप्तरीमा ६९ जनाले उम्मेदवारी दिएकोमा ५७ जनाको जनाको जमानत जफत भएको छ। त्यस्तै सिरहामा ८७ जनामा ७५ जनाको, धनुषामा १ सय २ जनामा ९० जना, महोत्तरीमा ६७ जनामा ५४ जना, सर्लाहीमा ६९ जनामा ५८ जना, रौतहटमा ६८ जनामा ५९, बारामा ७६ जनामा ६४ र पर्सामा ५३ जनामा ४४ जनाको जमानत जफत भएको हो।

सप्तरीको क्षेत्र नम्बर १ मा निर्वाचित नवलकिशोर साह सहित ३ जनाले जमानत जोगाउन सफल भएका छन् भने १६ जनाको जमानत जफत भएको छ। क्षेत्र नं. २ मा निर्वाचित सिके राउत सहित जसपा अध्यक्ष उपेन्द्र यादव र लोसपाका उम्मेदवार जयप्रकाश ठाकुरले जमानत जोगाएका छन भने १३ जनाले जमानत बचाउन सकेका छैनन्।

क्षेत्र नं. ३ मा पनि निर्वाचत दिनेशकुमार यादव सहित ३ जनाको जमानत बचेको छ भने १५ जनाको जफ्त भएको छ। क्षेत्र नं. ४ मा निर्वाचन तेजुलाल चौधरी सहित ३ जनाको जमानत बचेको छ भने १३ जनाको जफत भएको छ।

सिरहाको क्षेत्र नम्बर १ मा निर्वाचित रामांशकर यादव सहित ३ जनाको जमानत बचेको छ भने २० जनाको जफत भएको छ। क्षेत्र नं. २ मा पनि निर्वाचित राजकिशोर यादव सहित ३ जनाले जमानत जोगाएका छन भने २१ जनाको जफ्त भएको छ। क्षेत्र नं. ३ मा निर्वाचित लिलानाथ श्रेष्ठ सहित ३ जना बाहेक १८ जनाको जमानत जफत भएको छ। क्षेत्र नं. ४ मा पनि निर्वाचित विरेन्द्र प्रसाद महतो सहित ३ जनाको जमानत बचेको छ भने १६ जनाको जफत भएको छ।

सबभन्दा जमानत भएको जिल्ला धनुषा हो। यहाँ क्षेत्र नम्बर १ मा निर्वाचित दिपक कार्की सहित ३ जना बाहेक २३ जनाको जमानत जफत भएको छ भने २ मा निर्वाचित रामकृष्ण यादव सहित ५ जनाले जमानत जोगाएका छन भने ११ जनाको जफत भएको छ। क्षेत्र नम्बर ३ मा - *बाँकी पृष्ठ ६ मा*

## एकसय मत पनि कटाउन सकेन

सम्पन्न निर्वाचनमा चुनावी मैदानमा उत्रेकाहरु मध्ये धेरै यस्ता उम्मेदवारहरु पनि छन जसले एक सय मत पनि कटाउन सकेका छैनन्। मतगणना परिणाम अनुसार सप्तरीमा २६, सिरहामा ३३, धनुषामा ७३, महोत्तरीमा २९, सर्लाहीमा २७, रौतहटमा ३८, बारामा २८ र पर्सामा २६ जना स्वतन्त्र सहित दलका उम्मेदवारहरुले एक मत कटाउन सकेका छैनन्।

आयोगको तथ्यांक अनुसार सप्तरीको क्षेत्रमा १ मा ९, २ मा ७, ३ मा ७ र ४ मा ३ जनाले उम्मेदवार एकसय पनि मत ल्याउन सकेका छैनन। सिरहाको १ मा १२, २ मा १३, ३ मा १० र ४ मा ३, धनुषाको १ मा २०, २ मा ८, ३ मा २५, ४ मा २० जनाले सय मत कटाउन सकेका छैनन्।

त्यस्तै महोत्तरीको १ मा ५, २ मा ५, ३ मा १०, ४ मा ९, सर्लाहीको १ र २ मा ८/८ जना, ३ मा ३, ४ मा ८ जना, रौतहटको १ मा १२, २ मा ८, ३ मा ११, ४ मा ७, बाराको १ मा ९, २ मा ६, ३ मा २, ४ मा ११ र पर्साको १ मा १३, २ मा ४, ३ मा ५, ४ मा ४ जनाले एकसय मत पनि ल्याउन सकेका छैनन।

यसमा स्वतन्त्र उम्मेदवार बाहेक नेपाल मजदूर किसान पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी, पिछडावर्ग निषाद दलित जनजाति पार्टी, नेपाल संघीय समाजवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी, मंगोल नेशनल अर्गनाइजेशन पार्टी, नेपाल लोकतान्त्रिक पार्टी, नेपालका लागि नेपाली पार्टी, जनता प्रगतिशील पार्टी र बहुजन एकता पार्टी सहित एक दर्जनभन्दा बढी पार्टी रहेका छन।

## एकमत पनि ल्याउन नसकेका डमी उम्मेदवार

मंसिर ४ गते सम्पन्न निर्वाचनमा डमी उम्मेदवारको संख्यामा पनि बढी देखिएको छ। खासगरी दलका उम्मेदवारहरुले गाडी सहितका सुविधा लिन निर्वाचन आयोगलाई झुक्याउँदै डमी उम्मेदवार खडा गर्ने गरेका छन।

मधेश प्रदेशका ८ वटै जिल्लामा डमी उम्मेदवारको संख्या २ सय २४ रहेको तथ्यांकमा देखिएको छ। ५० भन्दा कम मत ल्याउने उम्मेदवारलाई डमी उम्मेदवार भन्न सकिन्छ। डमी उम्मेदवार यस्ता पनि जसले आफ्नो मत आफै पनि हालेका छैनन भने केही उम्मेदवार डमीको आरोपबाट बच्न केही मत दिलाउने गरेका छन्।

एक मत पनि ल्याउन नसकेका उम्मेदवारको संख्यामा मधेश प्रदेशमा ५४ जना उम्मेदवार रहेका छन। यसमा स्वतन्त्र बाहेक आधा दर्जनभन्दा दलका उम्मेदवारहरु पनि छन। शून्य मत ल्याउने सबभन्दा बढी धनुषाको क्षेत्र नम्बर १ मा रहेका छन, यहाँ १५ जनाले आफ्नो मत आफैलाई समेत हालेका छैनन्। सर्लाहीको क्षेत्र नम्बर १ मा ८ जना, २ मा ६ जना, रौतहटको १ मा ८ जना, बाराको १ मा ५ जना, २ मा १ जना र ४ मा ११ जना उम्मेदवारले शून्य मत ल्याएका छन। समानुपातिक भोट प्राप्त गर्न दलहरु समेतले डमी उम्मेदवार खडा गरेका थिए जसले आफ्नो मत आफूलाई समेत दिएका छैनन्।

सर्लाहीको १ मा नेमकिपाको रामाकान्त कापर, रौतहटको १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका मिस्टर सुर्यदेवप्रसाद कोइराला, बाराको १ मा नेपाल लोकतान्त्रिक पार्टीका मोजहर हुसैन मन्सुर, २ मा - *बाँकी पृष्ठ ६ मा*

## मर्निङ्गवाकमा निस्केका व्यवसायी अग्रवाल

# भारतको छौडादानो रेल्वे स्टेशनमा मृत भेटिए

मधेशदृष्टि
वीरगंज मंसिर २५।

मर्निङ्गवाकका लागि वीरगंज स्थित घरबाट आइतबार बिहान निस्किएका व्यबसायी सुनिल अग्रवाल भारतको छौडादानो रेल्वे स्टेशनमा मृत अवस्थामा फेला परेका छन्।

वीरगञ्ज महानगरपालिका वडा नम्बर ६ माइस्थान निवासी ५० बर्षिय सुनिल कुमार अग्रवाल बिहान ४ बजे मर्निङ्गवार्कको लागि घरबाट निस्किएको र दिउँसो अवेरसम्म घर नफर्किएपछि परिवारजनले खोजतलाश शुरु गरेका थिए।



अग्रवाल बिहान मर्निङग वाकको लागि घरबाट निस्कीएको र साँझ सम्म सम्पर्कमा नआएपछि खोजतलाश गर्दे जाँदा निजको शव भारतको छौडादानो रेल्वे स्टेशनमा भेटिएको समचार आएसँगै आफुहरु थप पिडामा परेको मृतकका आफन्त देवकी प्रसाद अग्रवालले बताए।

पारिवारीक स्रोतका अनुसार घरबाट निस्किएका अग्रवाल पैदल हिडेर वीरगंजको मेनरोड हुदै अलखियामठसम्म पुगेको र अलखिया मठबाट टेम्पो चढेर भन्सार सम्म पुगी त्यहाँबाट पुन पैदल हिड्दै रक्सौल स्थित रेल्वे स्टेशनमा पुगेका थिए। रक्सौलबाट रेल चढेर गईरहेको अवस्थामा अचानक हृदयघात भई निजको छौडादानो रेल्वे स्टेशनमा मृत्यु भएको भारतीय प्रहरीले नेपाल प्रहरीलाई जानकारी दिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता निर्मल बुढाथोकिले जानकारी दिए।

मृतकको शव रक्सौल ल्याएसँगै परीक्षणका लागि मोतीहारी स्थित सदर अस्पतालमा पठाईएको छ। पोष्टमार्टम पछि भारतीय प्रहरीले सोमबार नेपाल प्रहरीलाई जिम्मा लगाउने र नेपाल प्रहरी मार्फत आफन्तले शव बुझ्ने प्रहरी प्रबक्ता बुढाथोकिले बताए।

मृतक अग्रवाल लामो समय देखि घरायसी तथा व्यापारीक समस्याबाट पिडीत हुदै आएको र केही समययता व्यापारमा भईरहेको मन्दि र बैंकहरुको ताकेताको कारण तनाबमा रहदै आएको निजका निकट स्रोतले जनाएका छन्।

पारिवारीक र व्यबसायीक तनाबका कारण अचानक मर्निङ्ग वार्कको बहानामा घर छोडेर हिडेका अग्रवालको रेलमै हृदयघात हुनु र घटनास्थलमै मृत्यु हुनु तथा निजको टाउकोमा चोट समेत देखिनुले घटना रहस्यमय रहेको र यस सम्बन्धमा प्रहरी प्रशासनले गम्भिर अनुसन्धान गर्नुपर्ने देखिएको छ।

तनाबको कारण हृदयघात हो वा अन्य कुनै कारणले अग्रवालको मृत्यु भएको हो घटनाको अनुसन्धान पछि मात्रै पत्ता लाग्ने जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रबक्ता एवं डिएसपी निर्मल बुढाथोकिले बताए।

# पत्रकार सर्राफको स्मृतिमा अक्षय कोष स्थापना

## महानगरपालिकाद्वारा कोषमा १० लाख, परिवारलाई ५ लाख, छोरीको पठन पाठन नि:शुल्क गर्ने घोषणा

मधेशदृष्टि
वीरगन्ज, मंसिर २५।

वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वीरगंजका युवा पत्रकार स्वर्गिय नरेश सर्राफले समाजलाई पुर्याएको योगदानको कदर गर्दै अक्षय कोष स्थापना, नावालिका छोरीको पठन पाठनको सम्पूर्ण जिम्मा र परिवारलाई तत्काल ५ लाख रुपैया नगद उपलब्ध गराउने घोषणा गरेका छन्।





स्वर्गीय पत्रकार नरेश सर्राफको १० औं पुण्य तिथिको अवसरमा आइतबार रेडियो वीरगंज ९९ मेगाहर्ज, समाजवादी प्रेस संगठन पर्साको संयुक्त आयोजनामा रेडियो परिसरमा आयोजित श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै नगर प्रमुख सिंहले स्वर्गीय सर्राफका परिवारको जिविकोपार्जनका लागि महानगरको तर्फबाट तत्कालका लागि ५ लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गर्ने घोषणा गरेका छन्।

सिंहले वीरगंजको पत्रकारीता क्षेत्रमा सर्राफले पुर्याएको योगदानको कदर गर्दै स्थापना गरिने स्मृति कोषमा महानगरपालिकाको तर्फबाट १० लाख रुपैया उपलब्ध गराउने घोषणा समेत गरे।

स्वर्गिय पत्रकार सर्राफकी ७ वीर्षया नावालिक छोरीलाई उनले चाहेको वीरगंजको कुनै पनि स्कूलमा कक्षा १०सम्मको पठनपाठनको व्यवस्था मिलाउने जिम्मा पनि महानगरपालिकाले लिने सिंहले बताए। पत्रकार सर्राफको निधनले पर्सेली पत्रकारितामा कृयाशिल युवा पत्रकारको कमी महशुस गराएको चर्चा गर्दै सिंहले वीरगन्जका पत्रकारहरुको दुख:पिडामा महानगर सदैव साथमा रहने

*बाँकी पृष्ठ ६ मा*





महोत्तरीको जिल्ला अस्पताल जलेश्वरको प्रयोगशालामा काम गर्दै स्वास्थ्यकर्मी । *तस्विर : सञ्जीतकुमार मण्डल / रासस*

# राजनीतिमा सक्रिय महिला र यौनिक अल्पसंख्यक विरुद्धको लैङ्गिक हिंसा भयावह

- मञ्जु दाहाल

नेपालको संविधानको धारा ३८ ले महिलाको हक, धारा ४० ले दलितको हक र धारा ४२ (१) ले सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पंख्यक, युवा किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खसआर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक सुनिश्चित गरेको छ। यद्पी राजनीतिमा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत वर्गको सहभागिता र पहुँच अझै पनि अर्थपूर्ण हुन सकेको छैन। विभिन्न तथ्य, स्रोत तथा घटनाहरूले राजनीतिमा लैङ्गिक हिंसा व्याप्त रहेको तथ्यहरू बेलाबेलामा उजागर भइरहन्छन् ।

केही वर्षयता सूचना र प्रविधिको विकास बढेसँगै आम नागरिकको अनलाइन प्रयोग पनि बढेको छ। यससँगै सामाजिक सञ्जाल र अनलाइन माध्यमद्वारा राजनीतिमा भ्रामक, मिथ्या समाचार र घृणास्पद अभिव्यक्तिहरू व्यापक भएको पाइन्छ। यी विषयहरूमा अन्तराष्ट्रिय रूपमा अनुसन्धानहरू गरिएको भए तापनि नेपालमा थोरैमात्र अनुसन्धान तथा अभिलेखीकरण भएको पाइन्छ। त्यसैले राजनीतिमा हुने लैङ्गिक हिंसाको अनलाइन र अफलाइन अवस्था सम्बन्धी बुझाई, यसको व्यापकता, यसले व्यक्तिको व्यक्तिगत राजनीतिक जीवन र सहभागितामा पार्ने प्रभाव र समावेशी लोकतन्त्रसँगको सम्बन्धलाई मापन, विश्लेषण र अभिलेखीकरण गर्न आवश्यक छ । यस सम्बन्धमा पर्पल फाउन्डेसनले १४ जिल्लालाई नमूनाको रूपमा लिइ एक अनुसन्धान गरेको थियो। जसमा करिब ५ सय जनाबाट सर्वेक्षण र अन्तर्वार्तामा ८० जना राजनीतिमा सक्रिय महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको सहभागिता गराइएको थियो। अध्ययन अन्तरगत सातवटा फरक प्रकृतिका घटनालाई पनि अभिलेख गरिएको छ भने सातैवटा प्रदेशमा प्रदेश र संघीय स्तरका नेताहरूको बीचमा समूह केन्द्रित छलफल गरिएको थियो। यसका साथै गत स्थानीय निर्वाचनका केही महिला उम्मेदवारहरूको सामाजिक सञ्जालको अवलोकन पनि गरि एक गहन प्रतिवेदन सार्वजनिक गरेको छ।

अनुसन्धानले राजनीतिमा लैङ्गिक हिंसा व्याप्त रहेको तथ्यलाई उजागर गरेको छ । उत्तरदाताहरूमा ९१ प्रतिशतले राजनीतिमा लैङ्गिक हिंसा रहेको विचार व्यक्त गरेका छन्। यस्ता हिंसा महिला र त्यस भित्रपनि सीमान्तकृत वर्ग र समुदायबाट राजनीतिमा सक्रियहरूमा अझै बढी र विशिष्ट प्रकृतिका रहेको पाइयो। ६६ प्रतिशत उत्तरदाताहरूले आफूले राजनीतिक जीवनमा एक वा सो भन्दा बढी प्रकारका हिंसाहरू भोगेको अनुभव बताए ।

यस्ता हिंसाहरूमा शारीरिक रूपमा शारीरिक आक्रमण, कुटपिट, बलात्कार तथा व्यवहारमा गरिने जस्तैः होच्याउने, गालीगलौज, क्षमतामाथि प्रश्न गर्ने, अपमान गर्ने, अधिकारको प्रयोग गर्न नदिइने नेतृत्व स्वीकार नगर्ने यौन दुर्व्यवहार गर्ने आदि औंल्याएको प्रतिवेदनमा उल्लेख छ। अन्तरवार्ताका अधिकांश सहभागीले राजनीतिमा सक्रिय महिलाहरूको चरित्रमाथि प्रश्न उठाउने र यौनिकतामाथि प्रहार गर्ने प्रवृत्ति व्याप्त रहेको बताए। यस्ता हिंसाहरू घर, समाज, कार्यस्थल सबैतिर हुने गरेको तर सबैभन्दा बढी ६१ प्रतिशतले आफ्नै राजनीतिक पार्टी, पार्टी सदस्य र सहकर्मीबाट हुने हिंसा बताए। लैगिक तथा यौनिक अल्पसङ्ख्यकको राजनीतिमा सहभागिता अत्यन्त न्यून रहेको र उनीहरूलाई हुने हिंसाको सुरुवात घरबाट नै हुने गरेको साथै घृणा, उपहास, यौन शोषण, मनोरञ्जनको साधनका रूपमा हेर्ने लगायतको हिंसा यस समुदायले भोग्नु परेको पनि अध्ययनबाट देखिएको छ। राजनीतिक रूपमा जति माथिल्लो तहमा पुग्यो। त्यतिनै अनलाइन हिंसा वृद्धि हुने अवस्थामा पाइयो। सामाजिक संरचना, शिक्षा, उमेर, राजनीतिक सक्रियता आदि कुराले अनलाइनमा हिंसा भोग्ने कुरालाई प्रभाव पार्ने गरेको पनि अनुसन्धानले देखाएको छ। चुनावको बेलामा अनलाइनमा हुने हिंसा अन्य समयमा भन्दा बढी हुने र मिथ्या भ्रामक समाचार सम्प्रेषण गरिइने, महिला र लैङ्गिक, यौनिक अल्पसङ्ख्यकलाई अपमानित गर्ने कार्टुन र शब्दहरूको प्रयोग गरिइने महिला नेताहरूलाई समाचारको प्राथमिकतामा नराखिने कुरा पनि अनुसन्धानका सहभागीहरूको गुनासो छ।

चुनावको बेलामा अनलाइनमा हुने हिंसा अन्य समयमा भन्दा बढी हुने र मिथ्या भ्रामक समाचार सम्प्रेषण गरिइने, महिला र लैङ्गिक, यौनिक अल्पसङ्ख्यकलाई अपमानित गर्ने कार्टुन र शब्दहरूको प्रयोग गरिइने महिला नेताहरूलाई समाचारको प्राथमिकतामा नराखिने कुरा पनि अनुसन्धानका सहभागीहरूको गुनासो छ ।

अनुसन्धानबाट मधेस प्रदेशमा अनलाइनमा हुने हिंसा १९ प्रतिशत पाइएको छ भने अन्य अवस्थाका राजनीतिमा हुने हिंसा भने मुस्ताङका सहभागीमध्ये ११ प्रतिशतले सहभागीहरूले साइबर कानूनबारे सुनेको तर विस्तृत ज्ञान नभएको बताए। भने अनलाइनमा हिंसा भोग्नेहरू मध्ये २४ प्रतिशतले मात्र उजुरी गर्ने गरेको पाइयो। उजुरी प्रक्रिया जटिल, झन्झटिलो र केन्द्रिकृत प्रणाली रहेको, अनलाइनमा हुने हिंसालाई सम्बन्धित निकायले सामान्य रूपमा लिने गरेको, उजुरी गरे तापनि कुनै निष्कर्षमा नपुग्ने कानूनी प्रक्रिया र त्यसमा संलग्न व्यक्तिहरू संवेदनशील नहुँदा प्रभावितले अझै बढी हिंसाको महसूस गरेको आदि उजुरी नगर्नुका कारणहरूका रूपमा आएका छन्।

राजनीतिक पार्टीहरू भित्र यस विषयलाई सम्बोधन गर्ने संयन्त्र नभएको, थोरै मात्रामा अनुशासन विभाग वा आचारसंहिताले समेट्ने गरेको तर नेतृत्वले यसलाई गम्भिर रूपमा लिने नगरेको घटनाहरूको छानविन र कारवाही गर्नुको सट्टा आन्तरिक समझदारी गर्न प्रोत्साहित गरेको अनुसन्धानका सहभागीहरूले बताएका छन्। यसरी महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूले अनलाइन र अन्य अवस्थामा भोग्नुपरेको लैङ्गिक हिंसाले व्यक्तिलाई शारीरिक, मानसिक र भावनात्मक रूपमा गहिरो असर पारिरहेको पाइयो। यसको सम्बन्ध महिला, सीमान्तकृत समुदाय, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत पछाडि पारिएका सम्पूर्ण जात, धर्म, लिङ्ग, वर्गको नेतृत्वसँग र समावेशी लोकतन्त्रको मर्मसँग प्रत्यक्ष जोडिएको, र यो अवस्था रहनु भनेको लोकतन्त्रमाथि कै गम्भिर चुनौती भएको अनुसन्धानमा सहभागीहरूको निष्कर्ष रहेको छ।

अनुसन्धानले प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गर्दै निम्न बुँदाहरूलाई प्रमुख रूपमा प्रस्तुत गरेको छ (१) यो मानवअधिकारको गम्भिर उल्लंघन हो (२) नेताको परिभाषालाई पुनर्परिभाषित गर्नु आवश्यक छ। (३) सामाजिक मान्यताहरूलाई पुर्नसिकाइ र पुनर्निर्माण गर्नु आवश्यक छ। (४) इन्टरसेक्सनल सम्बोधन पूर्वशर्त हुनुपर्छ। (५) यसले कानूनी राज्य र असल शासनलाई कमजोर पार्दछ (६) र यो समावेशी लोकतन्त्रका निम्ति चुनौती हो।

अनुसन्धानले मुख्य सरोकारवालाहरूलाई केही विशिष्ट सुझावहरू दिएको छ। ति मध्ये केही मुख्य सुझावहरूमा : (१) सरकारले संविधान र कानूनको पालनामा कठोर नीति लिनुपर्छ। (२) सरकारले विद्युतीय ऐन, २०६३ लाई संशोधन गरी साइबर सुरक्षा नीति र कार्यविधिहरू बनाउनुपर्छ ।

(३) प्रहरीको साइबर ब्युरोलाई प्रदेश र स्थानीय स्तरसम्म विस्तार गर्नुपर्नेछ।

(४) स्थानीय सरकारले प्राथमिक तहदेखि नै पाठ्यक्रममा डिजिटल अधिकार र लैङ्गिक हिंसा विरुद्धका सामाग्रीहरू समावेश गर्नुपर्छ। (५) राजनीतिक दलका घोषणापत्रहरू, कार्यकर्ता तालिम पाठ्यक्रम विधान लगायत अन्य दस्तावेजहरू मानव अधिकार तथा महिलावादी दृष्टिकोणबाट पुनरावलोकन गरिनुपर्नेछ। ती दस्तावेजहरूमा महिला, लैङ्गिक अल्पसंख्यक लगायत अन्य सीमान्तकृत समुदायको संविधान प्रदत्त अधिकारहरूको सुनिश्चितता र पालना हुनुपर्नेछ। राजनीतिक दलहरूले लैङ्गिक हिंसा, जातीय भेदभाव लगायत सामाजिक मुद्दाहरूलाई राजनीतिक मुद्दाको रूपमा स्थापित गर्नुपर्छ। दलहरूभित्र अनलाइन र अफलाइन हिंसा सम्बोधन गर्ने संयन्त्र निर्माण गरिनुपर्छ। (६) प्रविधि कम्पनीहरूले नेपाल भित्र कार्यालय स्थापना गर्नुपर्छ र नेपाली भाषाका सामाग्रीहरूलाई अनुगमन गर्नसक्ने प्रणाली विकास गर्नुपर्छ । (७) पत्रकारिता क्षेत्रले यौनिक र सनसनिक खोज भन्दा नैतिक र जिम्मेवार पत्रकारितामा ध्यान दिनुपर्छ। समाचारको तथ्य परीक्षण गर्नुपर्छ। भ्रामक र स्त्रीद्धेशी समाचार र गलत टिप्पणीहरूको अनुगमन गर्दै सम्बन्धीत व्यक्तिलाई जिम्मेवार बनाउनुपर्छ। (८) नागरिक समाजद्धारा डिजीटल अधिकार र सचेतना फैलाउने क्रियाकलाप हरूका साथै यस विषयका विभिन्न आयामहरूमाथि अनुसनधान गर्नुपर्छ ।

(९) समाजले पितृसत्तात्मक सोच र मान्यतालाई निरन्तरता दिने सोच र व्यवहारहरूको अन्य गर्दै व्यक्तिको यौनिकता र लैङ्गिकताका आधारमा धारणा बनाउन बन्द गर्नुपर्छ र प्रभावीतहरूले राजनीतिमा हुने लैङ्गिक हिंसाका घटनाहरूलाई सार्वजनिक गर्दै यस विरुद्ध लड्न बन्द गर्नुपर्छ।

पर्पल फाउन्डेशनको यो प्रतिवेदनले गरेका सिफरिस र सुझावहरूलाई गम्भिरतापूर्वक कार्यान्वयन गराउन सकेमा राजनीतिक क्षेत्रमा व्याप्त लैङ्गिक हिंसाको वर्तमान चुनौतीलाई कम गर्न निकै सहयोग पुग्ने देखिन्छ ।

# मेयर–उपमेयर आपसमा विवाद, आलो–पालो पत्रकार सम्मेलन

मुकेश कुमार साह
रौतहट, मंसिर २५

रौतहटको बृन्दावन नगरपालिकाकामा मेयर र उपमेयरबीच बिवाद देखिएको छ । नेकपा एकीकृत समाजवादीबाट निर्वाचित मेयर र उपमेयर पार्टीकै बहुमत रहेको सो नगरपालिकामा एक आपसमा बिवाद देखिएको हो । मेयर तथा उपमेयरले छुट्टाछुट्टै पत्रकार सम्मेलन गरेर एक अर्काको विरोध गर्न थालेका छन् ।



मंसिर २४ गते बिहिवार आफु अन्यायमा परेको भन्दै नगरपालिकाका उपप्रमुख संगिताकुमारी रामले केही संचारमाध्यम मार्फत गुनासो पोखेकी थिइन् । उनले आफुले पटक-पटक मौखिक तथा लिखित रुपमा न्यायिक समितिको सचिवालय संचालनको लागि आवश्यक व्यवस्था मिलाइदिन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत खेम बहादुर भुजेलसँग आग्रह गरेपनी मेयरको इशारामा वेवास्ता गरेको उपप्रमुख रामले गुनासो गरेकी थिइन । साथै उनले नगरपालिकामा भएको खर्च विवरण माग्दा समेत प्रशासकिय अधिकृत भुजेलले बेवास्ता गरेको आरोप लगाईन । त्यसको भोलिपल्ट बृन्दावन नगरपालिकाका मेयर पटेलले पत्रकार सम्मेलन गर्दै नगर उपप्रमुख संगीता रामले आर्थिक लाभ लिने उदेश्यले गलत आरोप लगाएको बताए । नगरपालिकाको कार्यालय बिश्रामपुरमा पत्रकार सम्मेलन आयोजना गरि नगर प्रमुख पटेलले उपप्रमुख संगीता देवी राम नियमित रुपमा नगरपालिकाको कार्यमा सहभागी नहुँदा विकास निर्माणका कार्यहरू प्रभावित हुन पुगेको समेत आरोप लगाए । चालु आर्थिक वर्षको लागि छुट्याएको २५ करोड रकममध्ये ३ करोड निजी रुपमा संचालन गर्नको लागि माग गर्दा विकासको योजना संचालन बाहेक रकम भागबण्डा गर्न नसकिने जवाफदिएपछि उपप्रमुख रामले सामाजिक संजाल मार्फत मिथ्या आरोप लगाउने काम गरेको पटेलको आरोप छ । पटेलका अनुसार न्यायिक समिति संचालनगर्नको लागि रकम, कर्मचारी, भवनको व्यवस्था गरेको छु, आफै नगरपालिका आउँदिनन्, नगरपालिको बिषयगत समितिका जिम्मेवारी पाएका उपप्रमुख रामले अहिले सम्म कुनै बैठकमा उपस्थित नभएको कारण बजेट संचालन समस्या उत्पन्न भईरहेको छ । आफूले भ्रस्टाचार नगर्ने र गर्न पनि नदिने बताउँदै पटेल उपप्रमुखको उदेश्य कुनै हालतमा पुरा हनुनदिने अडान दोहर्याउँदै भन्छन् 'उपप्रमुख कार्यलय नआएमा कानुन बमोजिम अर्को विकल्प रोज्न सकिन्छ । उपप्रमुख बैठकमा सहभागी नहुँदा बागमतीनदीको टेन्डर, किसानको लागि मलखाद वितरण, बजेट कार्यन्वयन गर्न कठिनाई भएको पटेलले बताए ।

उपप्रमुखको श्रीमान अरुण रामले गाडी मर्मतको नाममा ११ लाख रकम माग गरेकोमा त्यो नदिएपछि गलत आरोप लगाउने गरेको बताउँदै उपप्रमुखबाट आफै पिडित भएको नगर प्रमुखले उल्लेख गरे ।

यता नगरप्रमुख पटेलले लगाएको आरोपको खण्डन गर्न उपप्रमुख रामले आफ्नै निजिनिवासमा शनिवार पत्रकार सम्मेलन गरिन । उनले प्रमुख पटेलले आफू माथी लगाएका आरोप गलत र निराधार रहेको पत्रकार सम्मेलनमार्फत जानकारी दिईन ।आफ्नो लडाइँ बजेटको लागि नभई अधिकारको लागि रहेको समेत उनले स्पष्ट पारिन । नगर प्रमुख पटेल र प्रशासकीय अधिकृत भुजेलले आफ्नो मनोमानी तरिकाले नगरपालिका चलाउन खोजेको उनले आरोप लगाईन । आफ्नो घर नजिकै एउटा कार्यलय कोठा लिई त्यँहीबाट नगरपालिका संचालन गर्न खोजेको पनि उनको आरोप छ । यस बिषयमा आफुले आवाज उठाउँदा नगरप्रमुख र प्रशासकीय अधिकृतले आफुलाई बाईपास गरि हिडेको पत्रकार सम्मेलन मार्फत उनले जानकारी दिईन ।

आफु स्वयम आन्तरिक राजस्व समितिको प्रमुख भएता पनि नगरपालिकाबाट नदिको ठेक्का अमानतमा लगाउँदा समेत कुनै जानकारी नगराएको उनले बताइन । प्रशासकीय अधिकृत भुजेल र मेयर पटेलले आफ्नो निजि स्वार्थको लागी अमानतमा नदी ठेक्का लगाईएको उनको आरोप छ । नगरप्रमुख पटेलले गाडी मर्मतको लागी भनिएको ११ लाख कोटेसन समेत प्रशासकीय अधिकृत भुजेलले गाडी चालकलाई मगाउन लगाएको उनको भनाई छ । उप मेयर रामले जनताले चुनेर पठाएको प्रतिनिधिको रुपमा कामगर्न खोज्दा प्रमुख प्रशासकियअधिकृतले अवरोध गर्दै आइरहेको आरोप पनि लगाइन । न्यायीक समितिको संयोजकका रुपमा संवैधानिक अधिकार पाएको व्यक्तिलाई मानमर्दन गर्नु राम्रो कुरा नभएको उनको दावी थियो । मेयर र उपमेयरको विवादले नगरको काम प्रभावित भएको स्थानीयको आरोप छ। एउटै पार्टीबाट निर्वाचित भएका जनप्रतिनिधीले यसरी एक-अर्काको बिरोध गरेर समय खेर नफाल्न समेत स्थानीय सुझाउँछन् ।

## विदेशी विनिमय दर

**Fixed Rate**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

**Open Market Rates**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 131.34 | 131.94 |
| EUR (European Euro) | 1 | 138.66 | 139.29 |
| GBP (UK Pound Sterling) | 1 | 160.89 | 161.63 |
| CHF (Swiss Franc) | 1 | 140.62 | 141.26 |
| AUD (Australian Dollar) | 1 | 88.79 | 89.20 |
| CAD (Canadian Dollar) | 1 | 96.31 | 96.75 |
| SGD (Singapore Dollar) | 1 | 97.13 | 97.57 |
| JPY (Japanese Yen) | 10 | 9.65 | 9.69 |
| CNY (Chinese Yuan) | 1 | 18.89 | 18.98 |
| SAR (Saudi Arabian Riyal) | 1 | 34.93 | 35.09 |
| QAR (Qatari Riyal) | 1 | 35.89 | 36.06 |
| THB (Thai Baht) | 1 | 3.77 | 3.79 |
| AED (UAE Dirham) | 1 | 35.76 | 35.92 |
| MYR (Malaysian Ringgit) | 1 | 29.82 | 29.95 |
| KRW (South Korean Won) | 100 | 10.08 | 10.12 |
| SEK (Swedish Kroner) | 1 | 12.71 | 12.77 |
| DKK (Danish Kroner) | 1 | 18.64 | 18.73 |
| HKD (Hong Kong Dollar) | 1 | 16.86 | 16.94 |
| KWD (Kuwaity Dinar) | 1 | 428.25 | 430.21 |
| BHD (Bahrain Dinar) | 1 | 348.40 | 349.99 |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
वैदेशिक कार्य अघि बढ्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । शुभकार्यको चर्चा समेत चल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज आफन्तको सफलता र प्रगतिमा मन रमाउनेछ । विचार, विद्या र बुद्धिको विकास हुनेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज अनावश्यक ठाउँमा धन खर्च हुनसक्छ । नजिकका व्यक्तिबाट कार्यमा वाधा आइपर्ला । शेयर बजारमा लगानी गर्नु उपलब्धीमूलक नहोला ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
ाज विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । ताकेको कार्य पुरा होला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
सामाजिक कार्यमा रुचि बढ्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । श्रमको उचित मल्याङ्कन हुनेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज नयाँ कामको थालनी हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । शुभ कार्यको चर्चा चल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज लाभहानी, सुखदु:ख बराबरी खालको समय छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ मिल्नेछ । ज्ञानमा वृद्धि पनि हुनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । मित्र वा आफन्तको सहयोग मिल्नेछ । तीर्थाटनको योग पनि छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । मन मिल्ने प्यारो साथीसँग भेट होला । नयाँ काम सुरु गर्ने मौका छ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । शुभकार्यको चर्चा चल्नेछ । धर्मकर्ममा मन जानेछ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । नयाँ कामको थालनी होला । मान प्रतिष्ठामा वृद्धि होला । आफन्तको प्रगतिमा मन रमाउनेछ ।



राजविराजमा शनिवार आयोजित मानव अधिकार दिवसमा लैङ्गिक हिंसासम्बन्धी नाटक प्रदर्शन गर्दै प्राइम होलीक्रस एकेडेमी राजविराजका विद्यार्थी । तस्विर : *नानीमैया कटवाल/ रासस*

# रोकिएन जंगली हात्तीको ज्यादती

डम्बर राई
सप्तरी, मंसिर २५



सप्तरीमा जङ्गली हात्तीको अतिक्रमण नियन्त्रण हुन नसकेपछि स्थानियवासीहरु भयत्रासमा रात विताउँदै आएका छन् । रातीको समयमा हात्ती आएर खेतमा भएका अन्नवाली खाई उखेली नष्ट गर्ने यो निरन्तरता बाहेक गाउँघरमा पसेर घर भत्काई भित्रका विभिन्न समानहरु भाँची फाली दिने लगायतका क्षति पुर्याउँदै आएका छन् ।

विगत पाँच वर्षयता सप्तरीमा मात्रै हात्तीले लाखौ मुल्य वरावरको अन्नवालीमा क्षती पुर्याएको छ भने १३ जनाको ज्यान लिनुको साथै डेढ दर्जनलाई घाइते बनाएको समाचारहरु सार्वजनिक भइसकेका छन् ।

कोशी टप्पुवन्यजन्तु आरक्ष हुदै भारतबाट बर्षेनी नेपाल आउने गरेका हात्ती दिनभरी स्थानिय वन क्षेत्रमा वस्ने गरेको पिडितहरु बताउँछन् ।

कञ्चनरुप नगरपालिका १२ बस्ने मन कुमार श्रेष्ठको अनुसार, सप्तकोशी र कञ्चनरुप नगरपालिका स्थितमा पर्ने वन जंगललाई हात्तीले लामो समयदेखी वास स्थान बनाउँदै आएका छन् । गाउँदेखी तीन चार किलोमीटर भित्र बस्ने गरेका हात्ती साँझै गाउँ आउने गर्दछन् । हात्तीको ज्यादती दिनैपिच्छे त हुदैन तर प्राय हात्ती आरक्षबाट यता छिरेपछि यहिको जंगलमा बस्ने र गाउँघरमा बिजाई गर्न आइहाल्छ श्रेष्ठले भने हात्ती सप्तकोशी, कञ्चनरुप नगरपालिकामा बढी हानी नोक्सानी गरेपनि अग्नीसाइर कृष्णासवरन हुदै अन्य पालिकामा पनि प्राय पुग्ने गरेका छन् ।

शनिवार राती कञ्चनरुप नगरपालिका १२ स्थित बस्तपुर धानुकटोलमा हात्तीले चार घर भत्काउनुको साथै टेबुल, टिभी, पंखाजन्य प्रयोजनयुक्त समानहरु तोडफोड गरेको छ र चार मन धान, चामल खाईफाली लष्ट गरेको छ ।

राती ८ बजेको समयमा आएको एउटा हात्तीले चार लाख वरावरको क्षती गरेको प्रहरीले जनाएको छ ।

होहल्लालाई नटेर्ने हात्तीलाई इलाका प्रहरी कार्यालय र शसस्त्र प्रहरी गढ बरमझियाबाट खटी आएका संयुक्त प्रहरी टोलीले लखेटेका थिए । देवन मण्डल, राम प्रसाद मण्डल, भागवत मण्डल, दलु मण्डल र हरेराम रामको एकएकवटा घर भत्काइदिइएको छ ।

यस्तै देवन मण्डलको ४० हजार वरावर मुल्यको टीभी, भाँडा वर्तन, पंखा र दलु मण्डलको पनि टीभी, टेबुल पंखा, लाइट लगायका समान टुटफुट भएको प्रहरीले जनाएको छ । राजेन्द्र रामको खानेपानी ट्युवकल भाँचिएको छ । हरेरामको चारमन धान समेत खाइफाली नष्ट गरेको बताइएको छ ।

वडा कार्यालय ७ महिना देखि बन्द

# ज्यानै जोखिममा राखेर काम गर्न नसक्ने वडाअध्यक्षको भनाई

मधेशदृष्टि
बारा, मंसिर २५




बाराको जितपुरसीमरा उपमहानगर वडा नं २० को वडा कार्यालय विगत सात महिनादेखि बन्द हुदाँ स्थानियहरु मर्कामा परेका छन् ।

स्थानिय तह निर्वाचन लगत्तै स्थानिय २५ बर्षिया दिपक पासवानको हत्या घटनामा वडाध्यक्ष रसुलमियाँ अन्सारीको संग्लनता भएको भन्दै स्थानियहरुले विरोध गरेपछि बन्द रहेको वडा कार्यालय हालसम्म खुल्न सकेकौ छैन् । २०६९ जेठ ६ गते पासवानको हत्या घटनामा वडाध्यक्षको कुनै भुमिका नभएको प्रहरी जनाएपनि शान्तिसुरक्षाको प्रत्याभुति नभएको भन्दै वडाध्यक्ष अन्सारीले वडा कार्यालयबाट दिईने सेवा उपमहानगरबाट प्रदान गर्दै आएका छन् ।

जितपुरसीमरा उपमहानगर वडा नं २० का ६५ वर्षिय स्थानिय बालकृष्ण सापकोटा गाँउमा वडा कार्यालय नखुल्दा सानोतिनो कामले उपमहानगर धाउन समस्या भएको बताउँछन् ।

'वडाध्यक्ष प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा गाँउमा भोट माग्न आउन सक्ने तर हामी गाँउलेलाई सेवा दिने आउन नसक्ने ?' सापकोटाले गुनासो गर्दै भने 'वडा कार्यालय नखुल्दा हामीलाई धेरै समस्या छ, साईकल चलाउन नजान्नेले एक घन्टा हिडेर उपमहानगर कार्यालय जानुपर्छ,त्यहाँ गएर पनि वडाध्यक्ष भेट हुदैनन् ।'

७ महिनादेखि वडा कार्यालय बन्द हुदाँ स्थानियहरु सामाजिक सुरक्षा भत्ता, वडा कार्यालयबाट हुने सिफारीस, बिउ बिजनका लगायत सम्पुर्ण कामका लागि करिव ७ किलोमिटर हिडेर उपमहानगर कार्यालयमा जाने गर्दछन् ।

वडा नं २० का अर्का स्थानिय कासिराम आचार्यले वडाध्यक्ष निर्वाचित भएपछि गाँउमा फर्केर नआएको बताए । 'वडाध्यक्ष संघ, प्रदेशको चुनावमा दिनदिनै गाँउमा आएर घुमे तर हामीजस्ता किसानको काममा फर्केर आएका छैनन्, सानातिना कामको लागि हामी धाएर जान पनि समस्या छ' उनले भने । जितपुरसीमरा उपमहानगर अर्न्तगत रहेका २४ वटा वडा मध्ये वडा नं २० दुर्गम ग्रामिण भेगको संवेदनशिल वडा मध्ये रहेको छ ।

उमहानगर वडा नं २० का वडाध्यक्ष रसुलमियाँ अन्सारीले गाँउमा गएर वडा कार्यालय सञ्चालन गर्न शान्तिसुरक्षाको वातावरण नभएको बताए ।

'म निर्वाचित भएपछि शपथग्रहणको दिन कुर्सी तोडफोडको घटना भएको छ त्यसमा संग्लनलाई कारवाही नभएसम्म गाँउमा गएर काम गर्ने वातारण छैन' वडाध्यक्ष अन्सारीले भने 'म धेरै पिडित र दुखी छु, जनतालाई धेरै अप्ठारो भएको छ तर, म ज्यान जोखिममा राखेर काम गर्न सक्दिन ।'

# काठ तस्करीमा स्थानीय कर्मचारीको हात

मुकेश कुमार साह
रौतहट, मंसिर २५ ।



पछिल्लो समय रौतहटका विभिन्न सामुदायिक बनबाट काठ तस्करी बढ्दै गइरहेको छ । एकपछि अर्को गर्दै सामुदायिक तथा राष्ट्रिय बन क्षेत्रबाट तस्करी मौलाउँदै जानथालेको हो ।

सामुदायिक बन उपभोक्ता समूहको नेतृत्व गरिरहेका समूहका पदाधिकारी, बन संरक्षणको अधिकार र जिम्मेवारी पाएका बनकर्मचारी र तस्करहरुको मिलेमतोमा पछिल्लो समयमा काठ तस्करी बढ्दै गएको जनगुनासो छ ।

रौतहटको वन सुरक्षाको बाधकमा पछिल्लो स्थानीय कर्मचारी समेत देखा परेका छन् । ९० प्रतिशत कर्मचारी यहाँका स्थानीय छन् ।

सशस्त्र वन रक्षक देखी सहायकवन अधिकृत, वनपाले र पियन सम्म स्थानीय भएका कारण रौतहटको वनमा हुने चोरी तस्करीमा उनीहरुकै हातहुने गरेको वनकर्मचारीको भनाईरहेकोछ।डिभिजनवन कार्यालय रौतहटमा एक सय १० जनाकर्मचारीको दरबन्दी रहेकोमा ९३ जनाकर्मचारी कार्यरत छन् ।



स्थानीय कर्मचारीनै कारण रौतहटको वनमा चोरी तस्करी बढेको बाहिरका कर्मचारीको भनाइ रहेको छ। वन गस्ति निस्कनासाथ स्थानीय वनकर्मचारीले काठ चोरीमा संलग्नलाई जानकारी दिने गरेका कारण वन कर्मचारीले काटेको रुखमात्र फेला पर्ने तस्करहरु उम्कने गर्दछन् ।

जिल्लामा रामलाल बृन्दावन साझेदारी वनउपभोक्ता समिति ,जंगलसहिया साझेदारी वनउपभोक्ता समिति र रंगपुर साझेदारी वनउपभोक्ता समिति छन्। सो क्षेत्रमा पर्ने वनमा व्यापक रुपमा चोरी तस्करी हुदैं आएको देखिन्छ । चोर तस्कर समुहले वन चोरी तस्करीको लागि साईकलको स्वरुप नै परिर्वतन गरी रौतहटको वनबाट हरियो सालका गोलिया चोरी तस्करी गर्ने गरेका छन् । डिभिजन वनकार्यालय रौतहटका प्रमुख सुनिल कर्णले वनकर्मचारी चुनावमा खटेको बेला काठ चोरले रौतहटको राष्ट्रिय वन र साझेदारी वनबाट काठ चोरेर लगेको स्वीकार गरेका छन् ।

काठ तस्कर समुहले वनमा कांचा सालका रुख काटेर गोलिया बनाएको भएपनि आफुहरुले बरामद गर्न सफल भएको उनको दावी छ।

चुनावको बेलामामात्र रौतहटको रामलाल बृन्दावन साझेदारी वनउपभोक्ता समितिको क्षेत्रमा पर्ने वनबाट दुई दर्जन बढी सालका रुख काटेर टुना बनाउँदै साईकलमा राखेर लगेको फेला परेको छ । रंगपुर साझेदारी वन क्षेत्रमा पछिल्लो समय दैनिक काचाँ सालका रुख काटेर लाने गरेको खबर आफुले पाएको चन्द्रपुर नगरपालिका वडानं ८ का वडा अध्यक्ष जितेन्द्र चौधरीले बताए ।

ज ं ग ल स ि ह य ा साझेदारी वनउपभोक्ता समिति अर्न्तगतको चोचा वन क्षेत्रबाट समेत चुनावको बेला दर्जनौं कांचा सालका रुख काटेर चोर तस्करले लगेको स्थानीय बासिन्दाको भनाइ रहेको छ । स्थानीयले वनकर्मचारीकै मिलेमतोमा रौतहटको वनमा रहेको बहुमुल्य जातका सालका काँचा रुख काटेर चोर तस्करले लाने गरेको दावी गरेपछि वनकर्मचारीले भने प्रयाप्त वनकर्मचारीको अभावमा चोरी बढेको बताउँदै आएका छन् ।

सर्लाहीको बागमतीनगरपालिकाबाट रौतहटको वनमा सालको काठ चोरी गर्न आएका ईश्वरी चौलागाईलाई आफुहरुले गएको मंगलबार मात्र काचो काठ सहित पक्राउ गरेको चेतनगर सव डिभिजन वनकार्यालयका प्रमुख बालकिशोर सिंहले जानकारी दिए ।

बन संरक्षण कार्यमा जनप्रतिनिधिहरुको समेत खासै चासो र चिन्ता देखिदैंन भने कतिपय ठाउँमा काठ तस्करीमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न दोषीलाई कारबाहीको साटो उन्मुक्तिदिनेहरु बढी सक्रिय रहेको जनगुनासो बढ्दै गएको छ ।

# विद्युत चोरी गर्ने पक्राउ

मधेशदृष्टि
बीरगंज २५ मंसिर ।

पर्साको ग्रामीण भेगका विभिन्न गाँउबाट नेपाल विद्युत प्राधिकरणको टोलीले विद्युत चोरी गरि प्रयोग गर्ने ६ जनालाइ पक्राउ गरेको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीका साथमा खटिएको विद्युत प्राधिकरण पोखरिया वितरण केन्द्रको चुहावट नियन्त्रण टोलीले गएराति विभिन्न गाँउबाट ६ जनालाइ पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा पकाहामैनपुर गाउँपालिकाको कटिबलुवाका कृष्ण दास र मन्तुराम साह, जगरनाथपुर गाउँपालिकाको झखरा टोलका ब्रहदेव यादव,रामनारायण प्रसाद यादव र डेकन यादव तथा पटेर्वासुगौली गाउँपालिकाको निचुटाका राजवंशी मुखिया विन रहेका छन् । पक्राउ परेका उनिहरुलाई इलाका प्रहरी कार्यालय पोखरीयाको जिम्मा लगाएर कारबाही प्रकृया अगाडि बढाइएको विद्युत प्राधिकरण पोखरिया वितरण केन्द्रका प्रमुख जगन्नाथ झाले जानकारी दिनुभयो ।

# फरार प्रतिवादी विकलाई पक्राउ

मधेशदृष्टि
सप्तरी, २५ मंसिर । सप्तरी प्रहरीले लागु औषध मुदाका फरार प्रतिवादीलाई पक्राउ गरी कारागार चलान गरेको छ ।

आठ महिना पछि प्रहरीले आइतवार लागुऔषध मुद्दाका फरार प्रतिवादी सुरुङ्गा नगरपालिका वडा नम्वर- १ का ३२ बर्षीय रोमा कुमारी बिश्वकर्मालाई प्रहरीले पक्राउ गरि कारागार चलान गरेको हो ।

उनलाइ राजविराज नगरपालिका वडा नम्वर- ६ बाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रतिवादी बि.क.लाई सप्तरी जिल्ला अदालतले दोषी ठहर गरि २ बर्ष कैद र एक लाख जरिवाना फैसला गरेको थियो । अदालतले २०७८ चैत २३ गते उनलाई दोषी ठहर गर्दै २ बर्ष कैद र १ लाख जरिवाना गरेपछि उनी फरार थिए ।

राजविराज- ६ बाट पक्राउ गरी सप्तरी जिल्ला अदालत राजविराजमा आइतबार हाजिर गराई कैद भुक्तानको लागी कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेश कुमार सिंहले बताए ।

# सम्पतिका लागि वृद्धालाई बुहारी र नातिनीले कुटपिट गर्दै

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २५ ।



सम्पतिका लागि जनकपुरधाममा एक वृद्धालाई उनकै बुहारी र नातिनीले कुटपिट गरेका छन् ।

जनकपुरधामउपमहानगरपालिका-८ बजरंगचोक बस्ने ८० वर्षीय रामआधार चौधरीलाई सम्पत्तिको लागि आफ्नै बुहारी र नातिनीले चप्पलले कुटपिट गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल भइरहेको छ ।

चौधरी घरमा बस्न जाँदा मृत्यु भएका माहिलो छोरा मनोज चौधरीका श्रीमति र उनकी छोरी (नातिनी) ले कुटपिट वृद्ध रामआधारलाई घरबाट निकाल्दै चप्पलले कुटिरहेको भिडियो सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । मनोजको गत वर्ष नै मृत्यु भएपछि उनकी श्रीमति र छोरीले पटक पटक रामआधारलाई सम्पति आफूलाई दिन भन्दै यातना दिदै आएको पिडीत रामआधारको आरोप छ ।

चौधरीका तीन छोरामध्ये जेठा छोरा धनगढीमा बस्दै आएको छ भने महिलोको मृत्यु भइसकेको छ र कान्छो छोरा जनकपुरधाममै बस्दै आएको छ । रामआधारले छोरा मनोजलाई बुहारीले नै आफ्नो माइत भारतको पंचौलमा मारिदिएको आरोप समेत लगाएका छन ।

उनले भने सम्पति आफ्नो नाममा गरिदिन मनोजका श्रमितिले पटक पटक कुटपिट गर्दै आएका छन । आईतबार बिहान त भारतीय गुण्डाहरुलाई बोलाएर कुटपिट गर्न लगाएको हो । त्यहाँ प्रहरी आएपछि प्रहरीले ती भारतीय गुण्डाहरुलाई भगाएर उल्टै आफ्ना कान्छो छोरा संतोष चौधरी र कान्छी बुहारीलाई पक्राउ गरेको छ ।

रामआधारले पीडा सुनाउंदै भने सम्पति बाँडफाँड गरिदिन्छु भन्दै आएपनि महिलो छोराको श्रीमतिले सबै सम्पति आफ्नो नाममा गरिदिन भन्दै मनोजकी श्रीमतिले पटक पटक यातना दिएपछि बलबा प्रहरी चौकीमा निवेदन दिंदा त्यहाँका इन्चार्ज कुनै कारवाही गर्नुको सट्टा तिनीहरुसँग घुस लिई आफूलाई नै हप्काउने गरेको छ । रामआधारलाई कुटपिट गरेको भिडियो पहिलो पटक सामाजिक सञ्जालमा भाइरल भएपछि ती बुहारी र नातिनी सहित घुस लिएर दोषीलाई प्रोत्साहन दिने प्रहरी इन्चार्जलाई यथाशिघ्र कानुनी दायरामा ल्याएर कारवाही गर्न सम्बन्धित निकायसँग चौतर्फी माग भइरहेको छ ।

यता बलवा प्रहरी चौकीका इन्चार्ज असई गयाप्रसाद चौधरीले प्रहरीले घुस खाएर पिडीतलाई हप्काएको आरोप गलत रहेको दाबी गरेका छन । उनले भने उनीहरुको सम्पतिका लागि महिनौदेखि विवाद चलिरहेको छ । रामआधारले निवेदन लिएर केही पटक आएको कुरा सत्य हो, तर छलफलका लागि बोलाउंदा दुवै पक्ष मध्ये एक आउने त अर्को नआउने गर्दा आफूले जिल्लामै पठाई दिएका छौं ।

शुक्रवार भएको विवादमा दुवै पक्षलाई जिल्ला प्रहरी कार्यालयमा छलफलका लागि पठाई दिएका हौं, त्यहाँ समन्वय समितिबाट विवादको टुंगो लगाउने निर्णय भएको बुझिएको छ । जहाँसम्म रामआधारले आफ्नो कान्छो छोरा सन्तोषलाई पक्राउ गरेको आरोपको कुरा हो, ती दिन दुवै पक्षबीच भएका झगडामा कुटपिट गर्दै आएको आरोपित भनिएका महिलाको पक्षका एक व्यक्तिको टाउको फुटदा पक्राउ गरिएको थियो, पछि छलफलमा गएपछि छाडि दिएको छ ।

## सम्पादकीय

# मल बिउमा मनपरी तन्त्र

किसानलाई सहज रुपमा गहुँ र मलखाद्य वितरण गर्ने ठेक्का पाएका फर्मले कृषकहरुसँग बढी रकम लिने गरेको पाईएको छ । सिरहा नगरपालिका-१ मा रहेको यादवविज भण्डारले नगरपालिकाका विभिन्न वडाका किसानसँग तोकिएको मूल्यभन्दा बढी रकम लिने गरेको पाईएको हो ।

किसानलाई यतिखेर गहुँ छर्ने चटारो छ । समय बित्न लागेको समयमा किसान सामु जेजस्तो सामान जति मूल्यमा भएपनि लिनै पर्ने वाध्यता हुन्छ । किसानको यस्तै वाध्यताको लाभ भने निश्चित व्यक्ति र सस्थाबाट भइरहेको देखिन्छ । नगरपालिकासँगको संझौता अनुसार १ हजार  ४ सय २० मा ४० किलो गहुँको बिउ उपलब्ध गराउनुपर्नेमा १ हजार ४ सय ५० लिइन्छ। त्यस्तै २ हजार ५ सयमा बेच्नुपर्ने डिएपि मल एक सय थपेपछिमात्र किसानले पाउँछन् ।

गहुँको बिउ र मलखाद समयमै उपब्ध गराउन नसकेको भएपनि सिरहा नगरपालिकाका लागि यादव बिज भण्डार नगरपालिकाका लागि 'भरपर्दो' विक्रेता बन्न पुगेको छ । भरपर्दो भएकोलेनै वर्षेनी ठेक्का यही संस्थाले पाइरहेको छ । सिरहा नगरपालिकाका कर्मचारीहरुलाई प्रभावित पारेर ठेक्का पार्ने र विक्रीको एकाधिकार लिने बिज भण्डारको कारोबार स्थानीयबाट लुकेको भने छैन ।

माथीको विवरण सिरहाको एउटा घटनामात्र हो । यस्ता प्रवृती जतातत्तै मौलाएका छन् । मुख्य कुरा किसानले मल बिउ जस्ता आधारभूम कृषि सामाग्री सरल,सहज किसिमले पाउँनुपर्दछ । यस्तो अवस्थाका लागि स्थानीय तहले अनुगमन लगायतका जिम्मेवारी लिनुपर्ने हुन्छ । किसानहरुलाई परेका पिरमर्का र समस्याको समाधानमा सहयोगी बन्नुपर्ने जनप्रतिनिधि मूलक संस्था आफै विवादमा आउनु राम्रो होइन । गहुँको समयमामात्र होइन, धानको बिउ होस अन्य बालिनालीको समयमा यस्ता विवादहरु आइनै रहन्छन् । मल बिउको खरिद विक्रीमा स्थानीय तहका पदाधिकारी जोडिने अवस्थाको विश्लेषण गर्दै वैकल्पिक व्यवस्था आवश्यक छ ।

अहिले स्थानीय तहको सिफारिस अर्थात कूपनको आधारमा कृषि संस्थाहरुले किसानलाई सामान दिने परिपाटी छ । आवश्यकता भन्दा थोरै सामाग्री मगाउने र अभाव सृजना गरेर बढी मूल्य लिने प्रवृती देखिन्छ । त्यस्तै स्थानीय तहका जिम्मेवारहरुले राजनीतिक आस्थाका आधारमा पक्षपात गर्ने प्रवृती पनि ठाउँठाउँमा  देखिएका छन् ।

मुलुकको अर्थतन्त्र कृषिमा आधारित छ भनिन्छ । तर, कृषिलाई प्राथमिकतामा राखेर योजना बनाउने, सिंचाई, मलखाद, बिउ र प्राविधिक ज्ञान दिन सकेको अवस्था किसानले अनुभव गर्न पाउँदैनन् ।

भनेको बेला मल नपाउँने, बिउ नपाउँने, सिचाई तथा प्राविधिक समेतको अभावमा कृषिबाट ठूलो लाभ लिनसक्ने अवस्था हुँदैन। मुलुकमा रहेका तीनवटै तहका सरकारहरु कृषिलाई उच्च प्राथमिकता दिएको दस्तावेज बनाउँछन् । बजेट बनाउँछन् । अनुदानका प्याकेज घोषणा गर्दछन् । तर, यी सबै कुराको लाभ खास किसानले पाइरहेको छन त ? प्रश्न अनुत्तरित छ । तीनै तहका कर्मचारी कागजी प्रक्रिया पुऱ्याएर बजेट 'उपयोग' गर्ने सिपालु देखिन्छन् । त्यसको थोरबहुत हिस्सा राजनीतिकर्मीलाई हुने भै हाल्यो ।

कागजका योजनाले कामल गरेका छैनन् । मनपरीतन्त्र मौलाएको छ कृषिमा। त्यसैको उपज हो मल बिउको नियमित अभाव । अहिले नै मधेश पहाडका धेरै जमिन बाँझा छन् । समयमै गंभिरता बुझौं ।

कबीरा खडा बाजार

# नेपालमा भ्रष्टाचार गर्ने अनेकन बहाना

*भ्रष्टाचारीहरू वर्तमानको कल्मस (मैलो दाग) लाई विगतको शुद्धताको बर्कोले छोप्ने प्रयास गर्छन् र भन्छन् - मेरो विगत क्रान्तिकारी, सत्याग्रही, यति उति वर्ष जेल परेको, यति सम्पत्ति गुमाएको, पारिवारिक त्याग गरेको आदि। उनीहरूको गौरवशाली विगत भने जस्तै हुन सक्छ तर त्यो विगतको व्याज भ्रष्टाचार हुन सक्दैन भन्ने कुरा उनीहरू बिर्सन्छन् र यसैलाई बिक्री गरेर दोषबाट उम्कने बहाना बनाउँछन् ।*



- रामकुमार आचार्य

भ्रष्टाचार राष्ट्रसेवकहरूले गर्ने राष्ट्रविरूद्धको फौजदारी अपराध हो। यिनीहरू राजनैतिक, सामाजिक, नैतिक र कानूनी रूपमा पनि 'हैसियतवाला' हुने भएकाले भ्रष्टाचार रूपी अपराधमा संलग्न हुनु अघि वा पछि आफ्नो 'हैसियत' जोगाउन दोष मुक्तिका अनेकौं तरिकाहरू अपनाउने गर्छन्।

अपराधशास्त्रमा यस्ता तरिकाहरूलाई 'न्युट्रलाईजेशन वा र्यासनालाईजेशन टेक्निक्स' भनिएको छ। नेपाली भाषामा यी शब्दहरूको अपराधको 'सामान्यीकरण' वा 'औचित्यीकरण' भन्न सकिएला। यस लेखमा भने अपराधको 'बहाना' भन्ने शब्दले बढी अर्थबोध हुने ठानेर यही शब्दको प्रयोग गरिएको छ।

नेपाली शब्दकोषहरूले पनि 'बहाना' को अर्थ देखौवा (देखाउन मात्र) कारण भनेका छन्। भ्रष्टाचारीहरूले पनि नैतिक र कानूनी देखिएर अनैतिक र गैरकानूनी काम गर्नु परेको विरोधाभाषका बीचमा 'देखौवा कारण' हरूको प्रयोग गर्दछन्। यिनीहरू कहिले 'जो चोर उसको ठूलो स्वर' गर्ने हुँकार शैली र कहिले 'ठुटे बालीको अर्मल तिर्नु' परेको जस्तो निरीहताको शैली अपनाउन माहिर हुन्छन्। कथित हैसियतवालाहरू बहानाको लेपन लगाएर कसरी भ्रष्टाचारमा लिप्त हुन पुग्छन् ? त्यस्ता बहानाहरू भ्रष्टाचारको अनुसन्धानमा उपयोगी हुन्छन् वा हुँदैनन् ? भन्ने प्रश्नहरू यहाँ सान्दर्भिक हुन आउँछन्। यसका लागि सर्वप्रथम तल वर्णन हुने बहानाका प्रचलित तरिकाहरू बुझ्नु आवश्यक हुनेछ।

आम मानिस, गरिब मजदुर किसान, सामाजिक नैतिकता, राष्ट्रिय सुरक्षा, महामारी, जनस्वास्थ्य, प्रकृतिक प्रकोप जस्ता बृहत् क्षेत्रलाई नोक्सान पुग्ने भ्रष्टाचारमा नोक्सानीको मात्रा देखाउन कठिन हुन्छ। यिनै अवस्थाको फाइदा उठाएर बहानाबाजहरू 'कसैलाई हानीनोक्सानी भएको भए प्रमाण देखाउ,' 'पत्रिका लेख्दैमा वा उजुरी पर्दैमा हुन्छ र ? भनेर आफैंले आफैंलाई सुन पानी छर्कने गर्दछन्।

जिम्मेवारी इन्कारी गर्ने : 'रामले बाध्य पारेर चोर्नु परेको हो' भने जस्तै यो तरिकामा कसुरदारले निर्दोषिताको कारण आफू नभएर अन्य परिस्थति भएको देखाउँछ। उसलाई आफू त कानून र नैतिकताको पालक हुँ तर काबुभन्दा बाहिरको परिस्थतिले घटना भएको भन्ने देखाउनु परेको हुन्छ। यस्ता भ्रष्टाचारीहरू वर्तमानको कल्मस (मैलो दाग) लाई विगतको शुद्धताको बर्कोले छोप्ने प्रयास गर्छन् र भन्छन् - मेरो विगत क्रान्तिकारी, सत्याग्रही, यति उति वर्ष जेल परेको, यति सम्पत्ति गुमाएको, पारिवारिक त्याग गरेको आदि। उनीहरूको गौरवशाली विगत भने जस्तै हुन सक्छ तर त्यो विगतको व्याज भ्रष्टाचार हुन सक्दैन भन्ने कुरा उनीहरू बिर्सन्छन् र यसैलाई बिक्री गरेर दोषबाट उम्कने बहाना बनाउँछन्।

कसैलाई उच्च पदको अहंकारलाई भजाउने रहर लाग्छ र निशंकोच भनिदिन्छन फलाना संगठनमा रहँदा अपहरणकारीलाई तह लगाएर बसेको हुँ। म आफैं कसरी अपहरण कार्यमा संलग्न हुन सक्छु ? साथीभाइका कारणले मात्र सँगै गएको हुँ आदि। कसैले भने 'आमाको लाम्टो चुस्दा भएन, बाबुको घुँडा किन चुस्नु' भन्ने शैली अपनाएका हुन्छन्। उनीहरू सगर्व भन्छन भ्रष्टाचार गर्ने भए पहिले नै कस्ता कस्ता मौका आएका थिए तर गरिएन, अहिले किन गर्थें ? कसैले पैत्रिक सम्पत्ति नै काफी भएको रट लगाउँछन् भने कसैले आफ्ना छोरा छोरी भए नभएको जस्ता नितान्त परिवारिक अवस्थालाई देखाएर शुद्धताको प्रमाणपत्र लिन खोज्छन् तर जस्तोसुकै प्रमाणित अवस्था आए पनि दोषी मानसिकतालाई स्वीकार गर्दैनन्। तपाईंले आजसम्म जस्तै नाङ्गो भ्रष्टाचारको पनि कसैले जिम्मेवारी लिएको सुन्नु भएको छ ? बरू 'मिडियाले न्यूज क्रिएट गरेको' आरोप र कर्कश स्वरमा 'प्रमाण पेश गर्न' आफ्नै मतदाता र 'मित्रहरू' लाई चुनौति दिएको भने पढ्नु वा सुन्नु भएकै होला।

हानीनोक्सानी इन्कारी गर्ने: सामान्य चलनचल्तीको उदाहरणमा 'हो, मैले रामको घरमा ढुङ्गा हानेको हुँ तर यसबाट कसैलाई हानी भएको छैन' भने जस्तै यस तरिकामा कसुरदारले कसैको हानीनोक्सानी भएको कुरालाई इन्कार गर्दछ। भ्रष्टाचार क्षेत्रको उदाहरण दिँदा कसैले सरकारी खातामा राख्नुपर्ने राजस्व ६ महिनासम्म आफैंले राख्दछ र भन्दछ- 'मैले लिनु खानु गरेको छैन। फिर्ता गरी हाल्छु नि !' त्यसै गरी वैदेशिक रोजगारीमा रहेका वेला मरेको मृतक कामदारले पाउने ब्लड मनी दूतावासको खातामा नराखी कुनै राजदूतले आफ्नो खातामा राख्दछ र मृतको परिवारलाई दिनको लागि यसो गरेको भन्दै यसबाट 'कसैको हानी नोक्सानी भएको छैन' भन्ने दाबी गर्दछ।

> “ अजिँगरको मुखमा आहारा आफैं पुगेको भने जस्तै गरी कसुरदारको भनाइ हुन्छ- 'मैले मागेको होइन, आफैं ल्याएर दिएको हो।', 'ठेकेदारहरू को कसलाई भेटेर के के गर्छन्। त्यसको पछि लागेर सकिन्छ र ?' 'यो नीतिगत निर्णय हो यसमा कसैको नोक्सानी भएको छैन र कोही पीडित पनि छैन' आदि ।

अजिँगरको मुखमा आहारा आफैं पुगेको भने जस्तै गरी कसुरदारको भनाइ हुन्छ- 'मैले मागेको होइन, आफैं ल्याएर दिएको हो।', 'ठेकेदारहरू को कसलाई भेटेर के के गर्छन्। त्यसको पछि लागेर सकिन्छ र ?' 'यो नीतिगत निर्णय हो यसमा कसैको नोक्सानी भएको छैन र कोही पीडित पनि छैन' आदि।

यो बडो "कानूनची" तरिका पनि हो। प्रचलित भ्रष्टाचार कानूले भ्रष्टाचार हुनका लागि सार्वजनिक हानी नोक्सानी भएको हुनुपर्ने अनिवार्य तत्व मानेको हुन्छ। यसैलाई आधार बनाएर कसुरदार कसैको पनि हानीनोक्सानी भएको छैन भने गल्ती पनि भएको छैन भन्ने भद्दा तरिका अपनाउन पुग्दछ। भ्रष्टाचार, त्यसमा पनि घुसखोरीमा ओदान जस्तो तीन पक्षीय सम्बन्धलाई देखाउने गरिन्छ। पहिलो भ्रष्टाचारको कार्य, दोस्रो, भ्रष्टाचार गर्ने र तेस्रो भ्रष्टाचारबाट हानी नोक्सानी हुने पीडित पक्ष। सबै प्रकारको भ्रष्टाचार वा घुसखोरीमा यस्तो तीन पक्षीय सम्बन्धलाई प्रमाणित गर्न कठिनाइ हुन्छ। किनकी घुस लिने र दिने गरी भ्रष्टाचार गर्ने दुवै पक्षलाई फाइदा हुने भए हानीनोक्सानी हुने पक्ष प्रकट हुँदैन। त्यसैगरी आम मानिस, गरिब मजदुर किसान, सामाजिक नैतिकता, राष्ट्रिय सुरक्षा, महामारी, जनस्वास्थ्य, प्रकृतिक प्रकोप जस्ता बृहत् क्षेत्रलाई नोक्सान पुग्ने भ्रष्टाचारमा नोक्सानीको मात्रा देखाउन कठिन हुन्छ। यिनै अवस्थाको फाइदा उठाएर बहानाबाजहरू 'कसैलाई हानीनोक्सानी भएको भए प्रमाण देखाउ,' 'पत्रिका लेख्दैमा वा उजुरी पर्दैमा हुन्छ र ? भनेर आफैंले आफैंलाई सुन पानी छर्कने गर्दछन्। नातावाद, कृपावाद र पैसावादमा उच्च लाभका पदमा नियुक्ति गर्छन् र 'हो फलानालाई नियुक्ति गरेकै हो तर तर यसबाट तपाईंलाई के नोक्सानी भयो र ?' भनेर उल्टै प्रश्न तेर्स्याउँछन्।

पीडित इन्कारी गर्ने : 'रामको ओठ मेरो मुड्कीले फुटेको भए पनि मैले हानेको नभएर ऊ आफैं मेरो मुड्कीमा पर्न आएको हो' भने जस्तै भ्रष्टाचारमा आफैंलाई दोषी नदेखाएर पीडित आफैंले गर्दा भ्रष्टाचार भएको देखाउने यो एउटा छट्टु बहानाबाजी हो। पीडितको इन्कारी गर्ने अर्को बहानाबाजी माथि भनिए झैं जब कुनै भ्रष्टाचारमा हानीनोक्सानी भएको छैन भनिन्छ भने त्यसमा पीडित पक्ष पनि हुँदैन र भ्रष्टाचार पनि भएको हुँदैन भन्ने गरिन्छ। आम मानिस, गरिब मजदुर किसान, सामाजिक नैतिकता, राष्ट्रिय सुरक्षा, महामारी, जनस्वास्थ्य, प्रकृतिक प्रकोप जस्ता बृहत् क्षेत्रमा व्यक्तिगत पीडित देखाउन सकिँदैन। यस्ता बृहत् पक्षहरू आफैं मुखरित हुँदैनन्। यस्तोमा भ्रष्टाचारलाई 'पीडितबिहीन' अपराधको रूपमा लिने गलत मान्यतालाई टेक्ने प्रयाश हुन्छ। अजँगरको मुखमा आहारा आफैं पुगेको भने जस्तै गरी कसुरदारको भनाइ हुन्छ- 'मैले मागेको होइन, आफैं ल्याएर दिएको हो।', 'ठेकेदारहरू को कसलाई भेटेर के के गर्छन्। त्यसको पछि लागेर सकिन्छ र ?', 'यो नीतिगत निर्णय हो यसमा कसैको नोक्सानी भएको छैन र कोही पीडित पनि छैन' आदि।

आरोपकलाई नै आरोपित गर्नेः 'रामको दाजु पुलिस चौकीको प्रमुख भएकाले मात्र मलाई उसको मुखमा मुड्की हानेकोमा पक्राउ नगरिएको हो' भन्ने खालको बहानाबाजी खास गरी उच्च पदस्थ भ्रष्टाचारीहरूले अपनाउने अति भद्दा तर बहुधा प्रचलित तरिका हो। जब पक्राउ गरिन्छ भने पुलिसलाई, अनुसन्धान अगाडि बढाइन्छ भने

*- बाँकी पृष्ठ ६ मा*

# स्वाभिमानी जीवनका लागि सूर्यको उपाय



- भरतमणि ज्ञवाली

ज्योतिषमा सूर्यलाई सबैभन्दा महत्वपूर्ण ग्रह मानिन्छ । ग्रहहरुको राजा हो । राज्य हो, सरकार हो र शासक हो । जीव र जगतमा आत्मा प्रदान गर्ने ग्रह हो । त्यसैले हरेक आत्माको कारक ग्रह सूर्य हो । शरीरमा हड्डीको पनि कारक हुन्छ । हाड बिना मानव जीवन कल्पना गर्न सकिँदैन । यसैले शरीरमा हड्डी र त्यसको बनावट सूर्य हो । तापक्रम बिना शरीर निष्कृय हुन्छ । सूर्यले शरीरको ताप नियन्त्रण गर्छ । मानव जीवनमा सूर्यको महत्व ज्योतिष शास्त्रीय हिसाबले मात्र नभई विज्ञान र चिकित्सा शास्त्रका हिसाबले पनि अग्रस्थानमा आउँछ । सबल शरीर, मान सम्मान, आत्मसन्तुष्टि, स्वाभिमान र नेतृत्वका लागि सूर्यको साथ अनिवार्य हुन्छ । पूर्वीय मान्यताअनुसार सूर्यलाई ग्रहमा अग्रस्थान दिइएको छ । वेद तथा पुराणमा यसलाई सबैभन्दा बलशाली ग्रह मानिएको छ । यसको एक चक्रलाई एक वर्षमा रुपान्तरण गरिएको छ भने ज्योतिष शास्त्रका १२ राशी १२ महिनामा समेटिएको छ । पृथ्वीबाट करिब १५ करोड किलोमिटर टाढा रहेको सूर्यले नै यो जगत्को सञ्चालन र नियन्त्रण गरेको छ । मानव जीवनका प्रत्येक घटनाका कारण पनि सूर्य नै हो ।

सूर्यलाई देवताको राजा भनिएको छ भने यो प्रकृतिको पनि राजा मानिन्छ । यसका बारेमा भविष्य पुराण, मत्स्य पुराण, पद्म पुराण, ब्रह्मा पुराण, मार्कण्डेय पुराण आदिमा विस्तृत वर्णन गरेको पाइन्छ । आदित्य, रवि, दिवाकर, भानु, भाष्कर, सविता, प्रभाकर, अनन्त, दिनकर, आर्क, दिनमानि, सूर्यादि नामले सम्बोधित सूर्य र राशिका आधारमा प्रत्येक महिनाको नामाकरण भएको छ । वेदमा संसारमा जति पनि जीव छन्, तिनीहरुको आत्मा 'सूर्य आत्मा जगतः तस्थुषश्च' भनिएको छ । जीव र आत्मा नमिलेसम्म जीवात्मा हुँदैन । हरेक जीवनको केन्द्र आत्मा हो भने आत्माको मूल स्रोत सूर्य हो । पञ्चतत्वमा अग्नि तत्वको मूल स्रोत सूर्य नै हो । मानव जीवनमा क्षमता र दक्षतासँगै सफलताको कारक सूर्यको सकारात्मक प्रभाव जरुरी हुन्छ । यसलाई ज्योतिष शास्त्रले पहिलो प्राथमिकतामा राखेको छ । मानव जीवनमा सूर्यलाई कसरी सकारात्मक बनाउन सकिन्छ भन्ने विषयमा ज्योतिष शास्त्र र वैदिक ग्रन्थहरुमा व्यापक चर्चा गरिएको पाइन्छ । मानव जीवनलाई सफल, सार्थक र समुन्नत बनाउनमा सूर्यको साथ र सहयोग अनिवार्य मानिएको छ ।

संसारमा जीवन उत्पति र सञ्चालनमा महत्वपूर्ण भूमिका खेलिरहेको यो ग्रहले हरेक क्षण ऊर्जा र प्रकाश प्रदान गरिरहेको हुन्छ । ऊर्जा र प्रकाश नहुने हो भने हाम्रो जीवन कल्पनासम्म गर्न सकिँदैन । त्यसैले वैदिक परम्परामा यसलाई भगवानको रुपमा लिइएको छ । भगवान सूर्य सृष्टिका लागि पिता समान मानिएको छ । पिता र प्रकृति बिना जीवन सम्भव नभएकाले ज्योतिषमा यसलाई पिताको कारण ग्रह मानिएको हो । पिताको कारक ग्रह भएकाले यसलाई क्रुर ग्रहका रुपमा पनि लिइन्छ । किनकि पिता कठोर भइकन पनि सृष्टि र पालनकर्ताको रुपमा चिनिन्छन् । ज्योतिष शास्त्रले सृष्टि र पालककर्तालाई केन्द्रमा राखेर अन्य ग्रहहरुलाई अन्यान्य स्थान सूर्य आत्मा, शरीर, चन्द्र मन, बुध बुद्धि, आदि आदि ।

चर्चा सूर्य कै गरौं । हाम्रो वार्षिक पात्रोमा तीन सय ६० दिन हुन्छ । डिग्रीका हिसाबले पनि तीन सय ६० डिग्री हुन्छ । एक दिनमा एक डिग्री यात्रा तय गर्दा सूर्यले एक वर्षमा ब्रम्हाण्डको एक चक्र पूरा गर्छ । यसको एक डिग्रीको यात्रा नै हाम्रो एक दिन मानिएको छ । त्यसैले हरेक दिन र हरेक समय हरेकका लागि फरकफरक असर कारक हुने गर्छ । ज्योतिष शास्त्रमा राशीको र नक्षत्रका आधारमा यसलाई थप व्यवस्थित गरिएको छ । १२ राशी र २७ नक्षत्रको चक्रभित्र ग्रहहरुको अवस्थाका आधारमा भविष्यवाणी र प्रकृतिको अवस्था अवलोकन हुने गर्छ । ग्रहहरुको असर र तिनीहरुले दिने फलको समय वा काल थाहा पाउन सूर्यको अवस्थाको ज्ञान महत्वपूर्ण हुन्छ । खासगरी नक्षत्र, राशी र ग्रहरुको समष्टिगत अध्ययनमा ग्रहहरुको अंश, कला र विकलालाई आधार मानिन्छ । त्यसैका आधार घटना र परिघटनाको अवलोकन हुन्छ ।

हरेक जीव र जगत्का कुनै पनि वस्तुको ज्योतिषीय गणनाबाट फलकथन सम्भव हुन्छ । यद्यपि, ज्योतिषीले केबल मानवीय जीवनका घटनामा आफूलाई बढी केन्द्रित गरेको पाइन्छ । भविष्यको चिन्ता लिने वा भविष्यप्रति चासो राख्ने मानवीय गुण भएकाले ज्योतिषीहरु पनि त्यसमै मात्र रमाएका हुन सक्छन् तर ज्योतिष केवल मानिसको भविष्य कथनमा मात्र सीमित छैन । यसले समग्र प्रकृतिसँगै स्वयं ग्रहहरुको पनि भविष्य बताउन सक्छ । यी सबै कुराहरुमा समय महत्वपूर्ण पक्ष हो । जुन सूर्यको गति र स्थितिलाई प्रमुख आधार मानिन्छ । यसलाई ज्योतिष शास्त्रले सूर्य सिद्धान्त भनेको छ ।

सूर्यको आफ्नो राशी सिंह हो । यहाँ सूर्यलाई स्वराशिस्थ भनिन्छ भने मेष राशीमा सूर्य उच्चको हुन्छ र तुला राशीमा नीच हुन्छ । जन्म समयमा सूर्य कहाँस्थित छ त्यसकै आधारमा यसको क्षमता र अवस्था हेरी फल कथन या घटना परिघटनाको आँकलन गरिन्छ । उच्च, स्वगृहि, मित्र र सम राशी र भावमा रहेको सूर्य सकारात्मक फल दिने हुन्छ भने शत्रु राशी, भाव र नीच राशीको सूर्य नकारात्मकताको कारक मानिन्छ । महत्वपूर्ण कुरा के हो भने कुनै पनि ग्रह सधैं नकारात्मक र सधै सकारात्मक भन्ने हुँदैन । यी ग्रहहरुले आफ्नो दशा अन्तरदशा कालमा मात्र फल दिन्छन् । तसर्थ ज्योतिषीय गणनाले मात्र त्यो समय निकाल्न सकिन्छ । यद्यपि, सूर्यको प्रभाव दैनिक जीवनमा पर्ने भएको कमजोर सूर्यलाई विभिन्न ज्योतिषीय उपचारमार्फत् सकारात्मक बनाउँदा लाभदायी हुन्छ ।

सामान्यतया मेष, मिथुन, कर्कट, सिंह, कन्या, वृश्चिक, धनु राशीमा सूर्यलाई सकारात्मक र अन्यमा कमजोर मानिए पनि यो नै अन्तिम निश्कर्ष भने होइन । सूर्यसँग अन्य ग्रहहरुको तालमेल र अन्य ग्रहहरुको अवस्थाको विश्लेषण जरुरी हुन्छ । चन्द्र, मङ्गल र गुरु सूर्यका मित्र मानिन्छन्, शुक्र र शनि शत्रु र बुध न मित्र न शत्रु अर्थात् सम मानिन्छ । मित्र ग्रह वा मित्र ग्रहका राशिमा सूर्य सकारात्मक र शत्रु ग्रह वा ती ग्रहका राशिमा सूर्य नकारात्मक हुने अवस्थासँगै तत्तत् ग्रहहरु कुन अवस्थामा छन् । त्यसले सूर्यको स्वभावमा परिवर्तन ल्याइदिएको हुन्छ । तसर्थ गहन अध्ययनपछि मात्र फल कथन यथार्थ र सार्थक हुन्छ । सूर्य सकारात्मक भएका जातकले जीवनलाई अत्यन्तै उन्नत अवस्थामा जीउन पाउँछन् भने कमजोर भएका बेला जन्म लिने जातकले जीवनमा विभिन्न झमेला व्यहोर्नु पर्ने हुन्छ । आत्मबल कमजोर हुन्छ । शरीर कमजोर हुन्छ । पटकपटक हड्डी कमजोर हुने, सरकारी झमेलामा फस्ने, नेतृत्व गर्न नसक्ने या अरुको दास बन्ने सम्मको अवस्था आउँछ ।

यदि जन्म कुण्डलीमा सूर्य कमजोर छ

*- बाँकी पृष्ठ ६ मा*



सुनसरीको इनरुवा-१ का राजु मरिक बाँसको चोयाबाट ढकी बनाउँदै । बाँसका विभिन्न सामग्री निर्माणपछि त्यसलाई बिक्री गरी उनले चार जनाको परिवार पाल्दै आएका छन् ।
*तस्बिर : नवीन गड्तौला/रासस*

# माटोका भांडा नबिक्दा पेसा संकटमा

भालुवाङ, २५ मङ्सिर
कुनै समय यस्तो थियो, जतिबेला माटाका भाँडाबाट हुने आम्दानी राम्रो थियो । कुमाल समूदायको मुख्य आम्दानीको स्रोत नै यही थियो । दाङ गढवाका कुमाल समूदायहरु माटाका भाँडा बिक्री गर्न घोराही, लमही तुलसीपुर, भालुवाङ हुँदै सल्यान, प्यूठान, नेपालगञ्ज, कैलाली र कञ्चनपुरसम्म पुग्थे । अहिले त्यस्तो समय छैन ।

माटाका भाडालाई प्लास्टिकका आयातित भाँडाले बिस्थापित गरेका छन् । बजारमा आक्कलझुक्कल देखिने माटाका भाँडाको प्रयोग घटेसँगै कुमाल समूदायमा यसबाट हुने आम्दानी पनि ओरालो लागेको छ । बजारमा प्लास्ष्टिकका भाँडा बढ्न थालेपछि रेशम कुमालले तीन महिनाअघि तयार पारेका माटोका भाँडा घरको पिँढीमा थन्किएका छन् । यी अहिले बिक्री हुन नसकेका भाँडा हुन, उनले भने , घरभित्र राख्ने ठाउँ पनि छैन पानीले भिजायो भने मेहनत खेर जान्छ । बजारमा प्लास्टिकका आयातित सामान सहजै पाउन थालेपछि आफूहरुले बनाएका माटोका भाँडा बिक्न छाडेको दाङ गढवा-५ का धनराज कुमालले गुनासो गरे । लामो समयदेखि माटोका भाँडा बनाएर जीविका चलाउँदै आएका उनले भाँडा बिक्न छोडेपछि घर खर्च चलाउनै समस्या भएको बताए । यस क्षेत्रमा कुमाल समुदायका करिब दुई सय घरधुरी छन् । जसको मुख्य पेसा नै माटोका भाँडा बनाउनु हो । माटोका भाँडाको तुलनामा प्लास्टिकका भाँडा सस्तो र टिकाउन हुने भएकाले प्रयोग बढ्न थालेको हो । न लेख-पढ गर्न सकियो न अन्य कुनै काम सिक्न सकियो, गढवा-६ का चौकु कुमालले भने , समूदायको पुर्ख्यौली पेसा अपनाइयो तर अहिले यसबाट सोच जस्तो पैसा कमाउन सकिएको छैन । त्यति मात्रै होइन, माटोका भाँडा बजारसम्म लैजाँदा बिचौलियाको समस्या पनि उत्तिकै छ । कुमालहरुले मट्का रु दुई सयदेखि दुई सय ५०, ठेकी रु एक सयदेखि डेढ सयसम्म, गमला रु एक सयसम्म, खुत्रुके रु ५० देखि



एक सयसम्म बिक्री गर्छन् । तर त्यसमा पनि बिचौलियाका कारण कुमालहरुले निकै कम प्रतिफल पाउने गरेको चौकु कुमालले गुनासो गरे । एकातिर माटोको भाँडाले बजार पाएका छैनन् भने अर्कोतिर पुर्ख्यौली पेसा ओझेलमा परेकोमा उनीहरुमा चिन्ता छ । युवापुस्ता पनि यो पेसामा मन लगाउँदैनन्, उनीहरु यो काम गर्नुभन्दा जिल्ला बाहिर गएर काम गर्न मन पराउछन, स्थानीय अम्मर कुमालले भने । कुमाल समुदायको आर्थिक स्थिति सबल गराउने भन्दै केही समयअघि 'स्वच्छ व्यवसाय समूह नेपाल'ले तीन महिने माटोको भाँडा बनाउने तालिम दिएको थियो । तालिममा झण्डै तीस जना कुमाल समुदायका व्यक्ति सहभागी थिए । संस्थाले उनीहरुलाई सीप सिकाउनुका साथै भाँडालाई पोल्न आधुनिक भट्टा निर्माणका लागि रु नौ लाख सहयोग गरेको थियो । कुमालहरुको पुर्ख्यौली पेसालाई संरक्षण र सम्बर्द्धनका लागि स्थानीय सरकारले चासो दिएको गढवा गाउँपालिकाका अध्यक्ष यमनारायण पोखरेलले बताए । उनीहरुको पेसालाई संरक्षण र प्रवर्द्धन गर्न गाउँपालिका योजना बनाएर अघि बढ्छ, उनले भने , यो पेसालाई जोगाइराख्न माटोको भाँडालाई बजारीकरण गर्ने, माटो र दाउरा सहजरुपमा उपलब्ध गराउन सहयोग गर्नेछौं ।
रासस

# किसान सस्तोमा उखु बेच्न बाध्य



सर्लाही, २५ मङ्सिर
यहाँका उखु मिलहरुले समयमै भुक्तानी नदिएपछि उखु उत्पादक किसान सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएका छन् । जिल्लामा रहेका तीन उखुमिल मध्य हरिवन नगरपालिका- ११ स्थित रहेको इन्दु शङ्कर चिनी उद्योगबाहेक अन्नपूर्ण र महालक्ष्मी सुगर मिलले समयमै उखु उत्पादक किसानको भुक्तानी नदिएपछि हैरान भएका किसानले उत्पादन गरेको उखु सक्खर उद्योगलाई बेच्न थालेका हुन् । जिल्लामा रहेका चिनी मिल पनि समयमा सञ्चालन नहुने र उखु बेचेको लामो समयसम्म पनि भुक्तानी नपाउने चिन्तामा रहेका जिल्लाका किसान स्थानीय सक्खर उद्योगलाई आफूले उत्पादन गरेको उखु समयमै बेचेर खाली भएको जमिनमा मुसुरो, गहुँ र धनियाँ लागाउन थालेका छन् । इन्दुशङ्कर चिनी उद्योग पुसको पहिलो साताबाट सञ्चालन गर्ने तयारी भइरहेको भए पनि अन्नपूर्ण सुगर मिल र महालक्ष्मी सुगर मिल विगतका वर्षमै खरिद गरेको उखु उत्पादक किसानको रकम भुक्तानी गर्न नसकेर सञ्चालन हुने नहुने भन्ने दोधारमा रहेका छन्, किसानहरुले समयमै उखु बिक्री गर्न नपाउँदा खेतमा अन्य बाली लगाउन नपाउने हुँदा सक्दर उद्योगलाई उखु बेचेर भए पनि समयमै आफ्नो खेत खाली गरी अन्य बाली लगाउँदै छन, बरहथवा नगरपालिका- १२ का उखु उत्पादक किसान बलिराम रायले भने । उनका अनुसार चिनी मिल समयमै सञ्चालन नहुने र सञ्चालन भइहाले पनि भुक्तानी कहिले पाउने भन्ने टुङ्गो नहुने कारणले किसानले खेतमा अर्को बाली पनि लगाउन पाएनन् । भुक्तानीको चिन्ता सधैँ रहिरहने गरेका कारण पनि किसान सक्खर उद्योगलाई उखु बिक्री गर्न थालेका हुन् । बरहथवा-११ का अर्का उखु उत्पादक किसान रत्नबहादुर घिमिरेले नगदेबालीका रूपमा रहेको उखु बेच्ने अन्य कुनै विकल्प नभएकाले सक्खर उत्पादन गर्ने उद्योगलाई बेच्न किसान बाध्य भएको बताए ।

सरकारले यस वर्ष रु छ सय प्रति क्विन्टल उखुको मूल्य निर्धारण गरेको भए पनि जिल्लाका किसानले अहिले सक्खर उद्योगलाई प्रति क्विन्टल रु तीन सय ५० का दरले उखु बेच्न थालेका उखु उत्पादक किसान राजकुमार मैनालीले बताए । चिनी मिल नै बन्द भएपछि उब्जाइएको उखु कसैले खरिद गर्न नसकेको अवस्थामा बाध्य भएर सस्तो मूल्यमा सक्खर उद्योगलाई बेच्न थालेको बसबरिया गाउँपालिका- २ का उखु उत्पादक किसान रामविलाश महतोले बताए । खेतमा सिँचाइ तथा मलको आभावका कारण अन्य कुनै बाली उब्जाउन नसकिएका कारण बर्सेनि उखुखेती गर्दै आए पनि यसबाट कुनै फाइदा नभएको र समय गुज्रिएपछि बेचेको उखुको भुक्तानी कहिले पाउने भन्ने ठेगान नरहेको महतोले बताए । खेतमा लगाएको उखु बेचेर पुनः मुसुरो, धनियाँ र गहुँ लगायतका बाली लगाउन सकिने भएकाले हतार-हतारमा उखु बेच्न थालेको उखु उत्पादक किसान विनय रायले बताए ।

सक्खर उत्पादकको पनि गुनासो

बरहथवा नगरपालिकाभरि हाल करिब छ वटा सक्खर उत्पादन गर्ने उद्योग सञ्चालनमा छन् । उद्योग सञ्चालकले पनि सक्खरको मागअनुसार उखुको मूल्य निर्धारण गर्दै आएका छन् । उत्पादित सक्खरको खपत कम भयो भने उखुको मूल्य पनि रु दुई सय ७० सम्म प्रति क्विन्टल हुन्छ । खपत बढी भयो भने रु चार सयसम्ममा सक्खर उद्योगले उखु किन्ने गरेका छन् । एघार क्विन्टल उखु पेलेर एक क्विन्टल सक्खर उत्पादन हुँदै आएको बरहथवा-११ का सक्खर उत्पादक व्यवसायी शत्रुधन रायले बताए ।

उनका अनुसार उत्पादित सक्खरमध्ये कालो सक्खरको रु पाँच हजार र सेतो सक्खरको रु पाँच हजार पाँच सयदेखि छ हजार दुई सय प्रति क्विन्टल बजार मूल्य रहेको छ । आफ्नो उद्योगमा प्रत्यक्ष रूपमा छ जनाले दैनिक ज्यालीदारीमा रोजगारीसमेत पाएका रायले बताए । भारतबाट अवैध रूपले आउने सक्खरका कारण व्यवसाय नै धराशायी बन्दै गएको छ, सक्खरले बजार मूल्य नपाउँदा किसान र व्यवसायी दुवैले समस्या झेल्दै आएको छ, बरहथवा-११ स्थित सञ्चालनमा रहेको सक्खर उद्योगका सञ्चालन शिवचन्द्र रायले भने । भारतबाट आएको सक्खर सस्तो मूल्यमा बिक्री हुँदा आफूहरूले पनि सोहीअनुसार बेच्नु परेकाले लगानीअनुसारको मूल्य आउन नसकेको उनको गुनासो छ ।रासस

# बारीमै कुहिन थाल्यो अदुवा



डुम्रे, २५ मङ्सिर
बजारमा अदुवाको माग घटेपछि किसान कम मूल्यमा बिक्री गर्न बाध्य भएका छन् । बारीमै अदुवा कुहिन थालेपछि कम मूल्यमा नै बिक्री गर्न बाध्य भएको तनहुँको भिमाद नगरपालिका-४ रजिडाँडाका अदुवा कृषक तुलबहादुर राना बताउछन । अदुवा निकाल्ने समय भएको छ । अदुवाको माग खासै आएको छैन । कुहिनुभन्दा कम मूल्यमा बिक्री गर्न थालेका छौँ, उनले भने । गत वर्ष अदुवाको माग नभएपछि बिक्री गरिएको थिएन । यस वर्ष पनि माग नआएको उनी बताउछन । बारीमै कुहिनुभन्दा कम मूल्यमै बेच्न थालेका छौँ । विगत दुई वर्षदेखि धार्नीको रु दुई सयदेखि रु दुई सय ५० सम्ममा बिक्री गर्दै आएका थियौँ । यसपटक बढ्नुपर्ने बेलामा झन् घटेर बेच्न बाध्य छौँ । यस वर्ष धार्नीको रु एक सयमा बेच्दैछौँ, उनले भने, लगानी नै उठ्दैन यसपटक । बीउबिजन महँगो मूल्यमा किन्नुपर्ने र बिक्री कम मूल्यमा गर्दा किसान मर्कामा परेका कृषक राना बताउछन । मुख्यतः अदुवाको खपत भारतीय बजारमा हुने र भारतबाट माग नआएपछि अदुवा बिक्रीमा समस्या भएको उनको भनाइ छ । अदुवा बारीमै कुहिने, सुक्ने भएपछि निकाल्न थालिएको छ । अलि बढी पानी भएमा पनि कुहिने समस्या आउँछ, उनले भने ।कृषक रानाले वार्षिकरूपमा सात सय धार्नी अदुवा उत्पादन गर्छन । यसपटक अलि कुहिएकाले छिटो निकालिएको उनी बताउछन । यस क्षेत्र अदुवा पकेट क्षेत्र हो । उक्त क्षेत्रका प्रत्येक किसानले एक सयदेखि नौ सय धार्नीसम्म अदुवा उत्पादन गर्ने गरेका उनले बताए । रजिडाँडाका मात्रै २५ घरधुरीले अदुवा उत्पादन गर्दै आएका छन् । सो स्थानका कृषकले समूह बनाएर अदुवा खेती गर्दै आएका छन् । गत वर्ष उत्पादन गरिएको बीउ शुक्लागण्डकी नगरपालिकाका लागि अदुवाको बीउ निर्यात गरिएको उहाँ बताउनुहुन्छ । बिक्री नभएका अदुवाको सुठो बनाएर बिक्रीका लागि बजारमा पठाइने कृषक रानाले बताए । माघ र फागुनसम्म अदुवा निकाल्न मिल्ने र चैतमा बीउ रोपण गर्ने समय हो । भिमाद साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष नारायण खनालले अदुवा प्रशोधन बिक्रीका लागि बजार खोजी गर्ने गरेको बताए । गत वर्ष करिब २८ मेट्रिक टन बुटवलको प्रशोधन केन्द्रमा प्रशोधन गरी बिक्रीका लागि तयार रहेको उहाँ बताउछन । गत वर्ष प्रतिकेजी रु ४० मा खरिद गरी प्रशोधन केन्द्रमा लगिएको उहाँले जानकारी दिए । यस वर्ष प्रतिकेजी रु २८ मा खरिद गर्ने बताउँदै आएको उहाँ बताउछन । नेपालमा आफैँले उत्पादन गर्ने प्रचलन छ ।

निर्वाहमुखी खेतीले पुग्छ र किसानले उत्पादन गरेका अदुवा भारतीय बजारमा नै बिक्री हुने हो । कम अदुवा बिक्रीका लागि लैजाने हुँदैन । धेरै उत्पादन छैन यसले गर्दा बजारको समस्या भएको हो, अध्यक्ष खनालले भने , केही भने यहीको बजारमा खपत हुन्छ । कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले कृषकले उत्पादन गरेको वस्तुको बजार सिर्जना गर्ने कार्यमा स्थानीय सरकारले भूमिका खेल्नुपर्ने बताए । तीन तहको सरकारले बजारको व्यवस्थापन गर्न भूमिका खेलेमा कृषि प्रधान देशको भनाइलाई सार्थक बनाउन सकिने उनले बताए । विश्वमा पूर्णरूपमा आयातित वस्तु उपभोग गर्ने देश छन् । ती देशसँग समन्वय, सहकार्य गरी व्यापारिक सम्बन्ध कायम गरी देशको आर्थिक समृद्धिलाई प्रमुख बनाउने भूमिकामा देशका मुख्य-मुख्य राजनीतिक दल र तीन तहको सरकारले समन्वय गर्न सके छिटो समृद्ध नेपाल बनाउन सहयोग पुग्नेछ, उनले भने । कृषि क्षेत्रलाई नेपालको प्रमुख पेशा मानिए पनि बजारको अभावले कृषि पेशाबाट कृषक विमुख भएको पाइन्छ । यस पेशामा युवालाई टिकाउने र स्वदेशमा नै उत्पादन वृद्धि गरी आयातभन्दा निर्यातलाई प्रोत्साहन गर्न सरकारले नै कदम चाल्नुपर्ने अवस्था रहेको छ ।

अदुवा उत्पादन वृद्धि

अदुवाको बजार मूल्य र बजार पाउन समस्या भए पनि तनहुँमा अदुवा उत्पादन वृद्धि भएको छ । गत वर्षको तुलनामा यस वर्ष अदुवा उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । उत्पादनको क्षेत्रफल घट्दो छ । अदुवाको बजार पाउन समस्या भएको छ । तर उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख तिवारीले बताए । उनका अनुसार तनहुँमा आर्थिक वर्ष २०७७/७८ मा पाँच सय १२ हेक्टर क्षेत्रफलमा सात हजार पाँच सय ४० मेट्रिक टन अदुवा उत्पादन भएको थियो । आर्थिक वर्ष २०७८/७९ मा पाँच सय १७ हेक्टर क्षेत्रफलमा सात हजार छ सय २२ मेट्रिक टन अदुवा उत्पादन भएको तिवारीले जानकारी दिए ।

कृषिमा लगानी वृद्धि गरी इलेक्टिक प्रशोधन गरी बिक्रीका लागि अन्तर्राष्ट्रिय बजारको व्यवस्थापन गर्न सके कृषकको आकर्षण बढ्ने उनको भनाइ छ । प्रतिकेजी रु ६० का दरले बिक्री गर्दा तनहुँबाट रु ४५ करोडको अदुवा बिक्री वितरण हुने गरेको उनले बताए । किसानले रु एक सयमा धार्नी बेच्नुपर्ने परिस्थितिले भने कम हुने उनको भनाइ छ ।रासस

# सुनको मूल्य प्रतितोला रु एक लाख पांच सय



काठमाडौँ, २५ मङ्सिर
नेपाली सुनचाँदी बजारमा आइतवार छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनका तुलनामा प्रतितोला रु दुई सयले बढेर रु एक लाख पाँच सय पुगेको छ । अघिल्लो दिन प्रतितोला रु एक लाख तीन सयमा कारोबार भएको थियो । नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार आइतवार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९९ हजार आठ सय थियो । त्यस्तै चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा आइतवार प्रतितोला रु १०ले बढेर रु एक हजार चार सय पुगेको महासङ्घले जनाएको छ ।

किन हुन्छ सुन चाँदीको मूल्य घटबढ ?

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अध्यक्ष मणिकरत्न शाक्यका अनुसार नेपाली बजारमा सुन तथा चाँदीको मूल्य घटबढ हुनुमा अन्तर्राष्ट्रिय बजारमा सुन तथा चाँदीको मूल्यमा हुने उतारचढाव प्रमुख कारण रहेको बताउछन । सुनचाँदीको अन्तर्राष्ट्रिय बजारको कारोबार मूल्य र डलरमा हुने घटबढका आधारमा नेपाली बजारमा सुनचाँदीको मूल्य तोकिने गरेको छ, अध्यक्ष शाक्यले भने । हाल अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔँस एक हजार सात सय ९७ दशमलव ३५ डलरमा कारोबार भइरहेको छ ।रासस



सप्तरीको महदेवा गाउँपालिकास्थित पकरीबाट साँझ देखिएको अस्ताउँदै गरेको सूर्य । *तस्बिर : अरूणकुमार यादव, रासस*

## ५ सय १ जनाको जमानत.............................

निर्वाचित जुलीकुमारी महतो र प्रतिष्पर्धी अनिलकुमार झाले मात्र जमानत जोगएका छन भने २९ जनाको जफत भएको छ । क्षेत्र नम्बर ४ मा पनि निर्वाचित रघुवीर महासेठ सहित प्रतिष्पर्धी महेन्द्र यादवले मात्रै जमानत जोगाउन सफल भएका छन, यहाँ २७ जनाले जमानत बचाउन सकेका छैनन् । महोत्तरीको क्षेत्र नम्बर १ मा निर्वाचित लक्ष्मी महतो सहित ३ जनाले जमानत जोगएका छन भने १२ जनाको जफत भएको छ । क्षेत्र नं. २ मा निर्वाचित शरतसिंह भण्डारी सहित ३ जनाले जमानत बचाएका छन १३ जनाको जफत भएको छ भने क्षेत्र नं. ३ मा पनि निर्वाचत महन्त ठाकुर सहित ३ जनाले जमानत बचेको छ भने १८ जनाको जफत भएको छ । क्षेत्र नं. ४ मा निर्वाचित महेन्द्र यादव सहित ३ जना बाहेक ११ जनाको जफत भएको छ ।

सर्लाहीको १ मा निर्वाचित रामप्रकाश चौधरी सहित ३ जनाको बचेको छ भने १६ जनाको जफत भएको छ, २ मा पनि निर्वाचित महिन्द्र राय यादव सहित ३ जनाको जमानत जोगिएको छ १४ जनाको जफत भएको छ। क्षेत्र नं. ३ मा निर्वाचित हरिप्रसाद उप्रेती र प्रतिष्पर्धी नरेन्द्र साह कलवारले मात्र जमानत बचाउन सकेका छन भने ११ जनाको जफत भएको छ। क्षेत्र नं. ४ मा निर्वाचित स्वतन्त्र उम्मेदवार अमरेश सिंह सहित ३ जनाले जमानत बचाएका छन भने १७ जनाको जफत भएको छ । त्यस्तै रौतहटको क्षेत्र नम्बर १ मा निर्वाचित माधवकुमार नेपाल र प्रतिष्पर्धी अजयकुमार गुप्ताले मात्रै जमानत बचाएका छन १५ जनाको जफत भएको छ । क्षेत्र नं. २ मा पनि निर्वाचित किरणकुमार साह र प्रतिष्पर्धी मो. फिरदोस आलमले मात्रै जमानत बचाएका छन ११ जनाको जफत भएको छ भने क्षेत्र नं. ३ मा निर्वाचित प्रभु साह सहित ३ जनाको बांचेको छ १६ जनाको जफत भएको छ । क्षेत्र नं. ४ मा निर्वाचित देवप्रसाद तिम्लिसिना र प्रतिष्पर्धी उधवप्रसाद रेग्मीको उम्मेदावरी मात्रै बचेको छ १७ जनाको जफत नै भएको छ ।

बाराको क्षेत्र नं. १ मा निर्वाचित अचुत्य प्रसाद मैनाली र प्रतिष्पर्धी उमाकान्त चौधरीको जमानत मात्रै बचेको छ १५ जनाको जफत भएको छ भने क्षेत्र नं. २ मा निर्वाचित रामसहाय प्रसाद यादव सहित ५ जनाको जमानत बचेको छ भने १७ जनाको जफत भएको छ । क्षेत्र नं. ३ मा निर्वाचित ज्वालाकुमारी साह सहित ३ जनाले जमानत बचाएका छ भने १४ जनाको जफत भएको र ४ मा निर्वाचित निर्वाचित कृष्णकुमार श्रेष्ठ र प्रतिष्पर्धी एकवाल मियाले मात्रै बांचेका छन भने १८ जनाको जफत भएको छ। पर्साको क्षेत्र नं. १ मा निर्वाचित प्रदीपकुमार यादव र प्रतिष्पर्धी अजयकुरमा द्ववेदीले मात्रै जमानत बचाएका छन १९ जनाको जफत नै भएको छ भने क्षेत्र नं. २ मा पनि निर्वाचित अजयकुमार चौरसिया र प्रतिष्पर्धी सुरेन्द्र प्रसाद कुर्मीको मात्रै जमानत बचेको छ ९ जनाको जफत भएको छ । क्षेत्र नं. ३ मा निर्वाचित राजकुमार गुप्ता सहित ३ जनाको उम्मेदवारी बचेको छ भने ८ जनाको जफत भएको छ र क्षेत्र ४ मा निर्वाचित रमेश रिजाल र प्रतिष्पर्धी जालिममिया अन्सारीको मात्रै जमानत जोगेको छ भने ८ जनाको जफत नै भएको छ ।

# दलहरूले समानुपातिकबाट चुनिने सांसदको सूची बुझाएपछिको प्रक्रिया

काठमाण्डौ, मंसिर २५

समानुपातिक प्रणालीतर्फ सिट पाएका दलहरूले प्रतिनिधिसभाका लागि बन्द सूचीमा रहेका उम्मेदवारबाट नाम सिफारिस गर्न पाएको समय शनिवार अपराह्णबाट सकिएको निर्वाचन आयोगले जनाएको छ।तोकिएको समयमा प्रतिनिधिसभा र प्रदेशसभामा समानुपातिकतर्फ सिट पाएका सात वटासहित प्रदेशसभामा मात्र सिट पाएका अन्य सात वटा राजनीतिक दलले बन्द सूचीबाट सदस्य बनाउन चाहेका व्यक्तिहरूको नाम सिफारिस गरेको आयोगको भनाइ छ ।

आयोगको समानुपातिकतर्फका प्रवक्ता गुरुप्रसाद वाग्लेले भने, हामीले तीन दिनको समय दिएर दलहरूलाई सूची पेस गर्न भनेका थियौं। समानुपातिकमा सिट पाएका दलहरूले आफूले पाएको सिट सङ्ख्या अनुसारको सूची पेस गरेका छन्। यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक प्रणालीतर्फ मतगणना सकिएपछि आयोगले गत बिहीवार दलहरूलाई सांसद बनाउन चाहेका उम्मेदवारको नाम पठाउन पत्राचार गरेको थियो । उसले दलहरूलाई बन्द सूचीमा रहेका व्यक्तिमध्ये समावेशी समूह मिलाएर नाम पठाउन भनेको थियो ।

दलहरूले सदस्यहरूको नाम सिफारिस गरेपछि अब त्यसलाई निर्वाचन आयोगमा रहेको समानुपातिक निर्वाचन प्रणालीको मुख्य निर्वाचन अधिकृतको कार्यालयले महिला तथा अन्य समूहको समावेशी प्रतिनिधित्व भए/नभएको हेर्ने वाग्लेले बताए।त्यसरी हेर्दा कुनै दलले पठाएको सूचीमा समावेशी प्रतिनिधित्व नभएको पाइमा निर्वाचन अधिकृतले सम्बन्धित दललाई नामावली सच्याई सो बमोजिम प्रतिनिधित्व हुने गरी उम्मेदवारको छनोट गरी दुई दिनभित्र पेस गर्न लेखी पठाउनेछन्।नयाँ दलहरूको पहिलो रोजाइ 'प्रतिपक्ष' तर त्यसमा अडिग रहनु 'चुनौतीपूर्ण'त्यसरी निर्वाचन अधिकृतले लेखी पठाएको दुई दिनभित्र सम्बन्धित दलले केन्द्रीय समितिको निर्णयबाट स्वीकृत गराई संशोधित नामावलीको सूची पुनः पेस गर्नु पर्नेछ ।

त्यसरी दलले पेस गरेको सूची समावेशी सिद्धान्त तथा कानुनी व्यवस्था अनुरूप नहुँदासम्म कोही पनि उक्त दलबाट निर्वाचित नहुने व्यवस्था प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिकामा रहेको छ।त्यसरी पुनरवलोकन भएको सूची सही भएको अवस्थामा निर्वाचन अधिकृतले सदस्यहरू निर्वाचित भएको घोषणा गर्नेछन् र ती उम्मेदवारलाई प्रमाणपत्र दिनेछन् ।

आयोगले आगामी सोमवारसम्म निर्वाचन परिणामको प्रतिवेदनसहित राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाउने तयारी गरेको जनाएको थियो।तर उक्त समय केही पछि सर्ने देखिएको आयोगका अधिकारीहरूले बताएका छन्। आयोगले त्यस्तो प्रतिवेदन बुझाएपछि मात्र नयाँ सरकार गठन तथा संसद्मा सभामुख तथा उपसभामुखलगायतको निर्वाचन लगायतका प्रक्रिया सुरु हुने बताइएको छ । विविसी

# 'महिला अधिकार: मानवअधिकार' विशेष अभियान प्रारम्भ

मंसिर २५ गते ।

मानवअधिकार तथा शान्ति समाजले 'महिला अधिकारः मानवअधिकार' भन्ने उद्घोषसहित विशेष अभियान प्रारम्भ गरेको छ । समाजले ७४औं अन्तर ाष्ट्रिय मानवअधिकार दिवसका अवसरमा १६ जिल्लामा प्रदर्शनसहितका कार्यक्रम गर्दै अभियानको थालनी गरेको हो । महिलामाथिको हिंसा र भेदभाव अन्त्य गर्न एवं महिला सशक्तीकरणमा केन्द्रित रही थालिएको यो अभियान निरन्तर चल्ने जनाइएको छ । अभियानअन्तर्गत शान्ति समाजका जिल्ला शाखाले शनिबार रुपन्देहीको वुटवल, चितवनको भरतपुर, पाल्पाको तानसेन, सल्यानको खलङ्गा, कैलालीको टीकापुर, मोरङको विराटनगर, अछामको मङ्गलसेन, सङ्खुवासभाको खाँदबारी, बागलुङ सदरमुकाम, नुवाकोटको बट्टार, महोत्तरीको जलेश्वर, बाँकेको नेपालगञ्ज, अर्घाखाँचीको सन्धिखर्क र झापाको धुलावारी गरी १४ स्थानमा प्रदर्शन गरेका थिए । शान्ति समाज काठमाडौं र दाङ शाखाले अन्तर्क्रिया कार्यक्रम आयोजना गरेका थिए । 'महिला अधिकारः मानवअधिकार, व्यवहारमा चरितार्थ गरौं' लेखिएका प्लेकार्ड प्रदर्शन गरेको महासचिव रामकृष्ण बरालले जानकारी दिनुभयो । यसैगरी ७४औं अन्तर ाष्ट्रिय मानवअधिकार दिवसका सन्दर्भमा शान्ति समाजका सुर्खेत, गोरखा शाखाले पनि अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको उहाँले बताउनुभयो । रासस

## आठ नक्कली कर्मचारी पक्राउ

काठमाण्डौ, मंसिर २५ ।

नेपाल प्रहरीले आन्तरिक राजस्व कार्यालयका नक्कली कर्मचारी बनेर ठगी गने ' आठ जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले आन्तरिक राजस्व कार्यालयका नक्कली कर्मचारी बनेर ठगी तथा किते ' गर्ने उनीहरूलाई पक्राउ गरी सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा पूर्वी नवलपरासीका २९ वर्षीय विनबहादुर विक, पाँचथरका २२ वर्षीय सृजना भट्टराई, अछामका १९ वर्षीय सागरजङ्ग लुहार, अछामकै २३ वर्षीय दुधकला विश्वकर्मा, सिन्धुपाल्चोककी २३ वर्षीय प्रमिशा तामाङ, नुवाकोटकी २१ वर्षीय अञ्जना तामाङ, कञ्चनपुरका २४ वर्षीय राजीव विष्ट र कञ्चनपुरकै २५ वर्षीय डेविड धामी रहेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक भरतबहादुर बोहोराले आन्तरिक राजस्व कार्यालयका कर्मचारी हौँ भन्दै कर असुलीको नाममा ठगी र किर्ते काम गरेकाले पक्राउ गरिएको जानकारी दिनुभयो ।

## एकमत पनि ल्याउन नसकेका.....

नेपालका लागि नेपाली पार्टीका शेखअली आलम, ४ मा जनता प्रगतीशील पार्टीका श्रीनिवास महतो, राष्ट्रिय प्रजातन्त्र पार्टीका रोहन कुमार सहितका दलका उम्मेदवारहरुले आफ्नो मत पनि आफूलाई नहाली शूल्य मत ल्याएका छन् । यी दलका उम्मेदारहरु अरु दलका उम्मेदवारको गाडी सुविधाका लागि डमी उम्मेदवार नभई पार्टीलाई समानुपातिक भोट दिलाउन र कतिपयले इच्छाले होइन ती पार्टीबाट रकम असुल्न मात्रै उम्मेदवार बनेको देखिएको छ ।

## पत्रकार सर्राफको स्मृतिमा .........................

प्रतिबद्धता व्यक्त गरेका छन् । श्रद्धान्जली सभामै स्वर्गीय सर्राफकील ७ वर्षिया नावालिका छोरीलाई रेडियो वीरगन्जले एक लाख रुपैया, समाजवादी प्रेस संगठन पर्साले एक लाख रुपैया उपलब्ध गराउने घोषणा गरेका छन् । त्यस्तै राष्ट्रिय भूमी आयोग पर्साका अध्यक्ष एवं जसपाका जिल्ला सचिव तबरेज अहमदले बालिकाको पठन पाठनका लागि कोष खडा गर्न ५० हजार रुपैयाँ नगद उपलब्ध गराउने बताए। सोही कार्यक्रममा मोवाईल विक्रेता संघ वारा, पर्साको तर्फबाट ५० हजार सहयोग गर्ने घोषणा भएको थियो । कार्यक्रममा रेडियो वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साहले रेडियो वीरगंजका पूर्व संचारकर्मी समेत रहेका नरेश सर्राफको निधनले व्यक्तिगत रुपमा आफूलाई ठूलो क्षति भएको कुरा भावविह्वल हुँदै व्यक्त गरेका थिए ।रेडियोको तर्फबाट प्रदान गरिएको १ लाख रुपैयाको कुनै महत्व नभएपनि यसले देखाएको मार्ग दर्शनले धेरैलाई प्रेरणा मिल्ने विश्वास साहले व्यक्त गरे । पत्रकार महासंघ पर्सा शाखाका सदस्य समेत रहेका ३८ वर्षिय सर्राफको गत मंसिर १५ गते हृदयघातबाट निधन भएको थियो । रेडियो वीरगन्जका कार्यकारी अध्यक्ष ध्रुव साहको अध्यक्षतामा भएको श्रद्धाञ्जली सभामा संविधानसभा सदस्य रामचन्द्र साह तेली, निवर्तमान प्रदेशसभा सदस्य राजेश्वर साह, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका महासचिव श्याम बन्जारा, पर्साका अध्यक्ष अनुप तिवारी, प्रेस युनियन पर्साका अध्यक्ष रामनारायण कुर्मी, प्रेस सेन्टरका अध्यक्ष निरज पिठाकोटे, समाजवादी प्रेस संगठनका केन्द्रीय सदस्य वृजलाल पासवानका साथै राजनीतिक दलका प्रतिनिधि, पत्रकार सम्बद्ध संघ संस्थाका पदाधिकारी, उद्योगी, व्यवसायी, सन्चारकर्मी लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन समाजवादी प्रेस संगठनका पर्सा जिल्ला अध्यक्ष मनोज पटेलले गरेका थिए ।

## नेपालमा भ्रष्टाचार गर्ने .........................................................

अख्तियार, कसुर ठहर हुन्छ भने न्यायलय नै 'भ्रष्टाचारको अखाडा' भन्दिए पछि आफू चोखो हुन पाइने। त्यो कुन ड्याङको मुला हो र ? आरोपितले आरोपलाई आरोप लगाएको कुरा सत्य हुनसक्छ तर जँड्याहाले जँड्याहालाई र भ्रष्टाचारले भ्रष्टाचारीलाई आरोप लगाएर आफू जँड्याहा वा भ्रष्टाचारी नहुने होइन। पहिला काम गर्ने हो विधि विधान पछि हेर्दै गरौंला। भूकम्प र बाढी पहिरो पीडितलाई घरबासको व्यवस्था मिलाउनु जरूरी कार्य थियो। भ्रष्टाचार भयो भएन हेरिएन', 'जनता जोगाउने आवश्यकताले प्रतिस्पर्धा नगरी जी टु जी गर्नु परेको हो आदि भनेको सुन्ने गरिन्छ। यो तरिका पश्चिम देशमा चलेको धनीबाट चोरेर गरिबलाई बाँड्ने 'रोबिन हुड' र भारतमा प्रचलित रक्तचन्दन तस्कर 'बिरप्पन तरिका' हो। भ्रष्टाचारका सन्दर्भमा यो तरिका नेपालमा 'पार्टीका लागि' भनेर चिन्न सकिन्छ।

आरोपकलाई नै आरोपित गर्ने केही प्रचलित बहानाहरू हेरौं। आफूले भ्रष्टाचार रोक्न केही गर्न नसकेपछि अथवा आफ्नाले गरेको भ्रष्टाचार छोप्न भनिन्छ- 'यस्तो काम यो सरकारले गरेको होइन। पहिले पहिलेकाले गरेका थिए। अरूले गरेका थिए भने हटाउनेतर्फ ध्यान दिनुभन्दा पहिला पनि फोहोर थियो अहिले पनि छ भन्ने कुतर्क गरिन्छ। यो मुखाले तरिका पनि हो। यसमा आरोप लगाउने घर भित्र र बाहिरकाहरूलाई 'मति सप्रिने' सन्देश पनि दिइन्छ। त्यसैगरी 'राजनैतिक प्रतिशोध साँध्न गरिएको, आफ्ना मान्छेलाई नसले गर्न पाएनन् भनेर भनिएको, प्रजातन्त्रमाथिको प्रहार, लोकतन्त्र र गणतन्त्र मास्ने षडयन्त्र' जस्ता पदावलीहरू बहानाबाजका रक्षा कवज बन्न पुगेका छन्। अरू केही उदाहरण, 'भ्रष्टाचारीलाई किन त्यस्तो गरेको' भन्ने प्रश्नमा उनले आक्रामक हुँदै भने 'तपाईंहरूलाई लागेको मान्छे भए ठीक, अन्य भए गह्नाउने', 'उहाँहरू सँगै हुँदा क्यान्टनमेन्टको रकम हिनामिना गरेको भनेर एकआपसमा आरोप लागेकै हो। आफू हिरो हुन मात्र मपाँइत्व देखाइएको हो', आदि।

उच्च बफादारी देखाउने : 'आमा सिकिस्त बिरामी भएर अस्पताल लानु परेकाले रामको कार चोरेको हुँ' भने जस्तै कुनै गलत कार्य त्यो भन्दा उच्च मूल्य मान्यताको रक्षाका लागि गरिएको हो भन्ने यो एकप्रकारको धूर्त बहानाबाजी हो। 'महामारीमा जनतालाई जोगाउनु प्राथमिकतामा थियो कसले विधि र प्रक्रिया हेर्छ। पहिला काम गर्ने हो विधि विधान पछि हेर्दै गरौंला। भूकम्प र बाढी पहिरो पीडितलाई घरबासको व्यवस्था मिलाउनु जरूरी कार्य थियो। भ्रष्टाचार भयो भएन हेरिएन', 'जनता जोगाउने आवश्यकताले प्रतिस्पर्धा नगरी जी टु जी गर्नु परेको हो आदि भनेको सुन्ने गरिन्छ। यो तरिका पश्चिम देशमा चलेको धनीबाट चोरेर गरिबलाई बाँड्ने 'रोबिन हुड' र भारतमा प्रचलित रक्तचन्दन तस्कर 'बिरप्पन तरिका' हो। भ्रष्टाचारका सन्दर्भमा यो तरिका नेपालमा 'पार्टीका लागि' भनेर चिन्न सकिन्छ।

परिवेशले भ्रष्टाचार गर्ने होइन। व्यक्तिले नै गर्ने हो। त्यसैगरी भ्रष्टाचारबाट प्रत्यक्ष देखिने हानी नोक्सानी नदेखिए पनि त्यसले आम करदातालाई, सामाजिक मूल्य मान्यतालाई, कानूनको शासनलाई, संस्थाहरूको वैधता र विश्वसनीयतालाई तथा देशको विकासलाई हानीनोक्सानी पुर्याइरहेको हुन्छ। जहाँ हानीनोक्सानी हुन्छ त्यहाँ पीडित नहुने कुरै भएन। आम नागरिक पीडित भैरहेका हुन्छन्। अर्कालाई आरोप लगाएर आफू चोखिने छट्ट पारामा पनि कुनै दम छैन। आफ्नो आङको भैंसी नदेख्नेले अरूको अङ्गको भैंसी देख्नुको कुनै नैतिक र कानूनी मूल्य हुँदैन । अनुसन्धानमा यसको महत्व ? वास्तवमा उपरोक्त बहानाहरू बहाना मात्र हुन्। वास्तविकतामा भ्रष्टाचारमा कोही न कोही जिम्मेवार हुन्छ नै। परिवेशले भ्रष्टाचार गर्ने होइन। व्यक्तिले नै गर्ने हो। त्यसैगरी भ्रष्टाचारबाट प्रत्यक्ष देखिने हानी नोक्सानी नदेखिए पनि त्यसले आम करदातालाई, सामाजिक मूल्य मान्यतालाई, कानूनको शासनलाई, संस्थाहरूको वैधता र विश्वसनीयतालाई तथा देशको विकासलाई हानीनोक्सानी पुर्याइरहेको हुन्छ। जहाँ हानीनोक्सानी हुन्छ त्यहाँ पीडित नहुने कुरै भएन। आम नागरिक पीडित भैरहेका हुन्छन्। अर्कालाई आरोप लगाएर आफू चोखिने छट्ट पारामा पनि कुनै दम छैन। आफ्नो आङको भैंसी नदेख्नेले अरूको अङ्गको भैंसी देख्नुको कुनै नैतिक र कानूनी मूल्य हुँदैन। अन्तमा देशका लागि, जनताका लागि, साथीका लागि, गरिबका लागि गरेको भनेर अपराधको दायित्वबाट उम्कन सकिँदैन।

तसर्थ, सक्षम अनुसन्धानकर्ताले यिनै बहानाबाजीलाई प्रयोग गरेर अपराधलाई प्रमाणित गर्ने बिन्दुसम्म पुर्याउन सक्छ। अनुसन्धान अधिकारीले कसुरदारप्रति नै सहानुभूतिशील भएमा 'यसमा तपाईको भन्दा पनि परिस्थितिको दोष देखिन्छ। त्यस्तो बाध्यात्मक परिस्थिति के थियो ? हानी नोक्सानी भएको र कोही पीडित पनि देखिँदैन तथापि यस्तो किन हुन गयो ? यत्तिको भ्रष्टाचार गर्ने त अरू पनि थुप्रै छन् तर तपाई मात्र कसरी पर्नु भयो ? वास्तवमा तपाईंले देश र जनताको हितमै गर्नु भएको जस्तो छ। त्यसो गर्नका लागि कुन कुन कानुन र परिबन्ध बाधक थिए ?' जस्ता आशयका प्रश्नहरूको उत्तर लिएर बहानाबाजी भित्र नै कसुरको प्रमाण जुटाउन सक्छ। पाठकहरूलाई पनि यी बहानाबाजीको प्रयोग गरेर भ्रष्टाचारीहरू चिन्न अनुरोध छ।

(लेखक नेपाल सरकारका पूर्व सचिव हुन्)

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

## स्वाभिमानी जीवनका ........................

भने ज्योतिष शास्त्रले विभिन्न उपायहरु दिएको छ । भनिन्छ ज्योतिष केबल फलकथनको विषय होइन । यसले जीवन सकारात्मक बनाउन उत्प्रेरित गर्ने र उपायहरुबाट ग्रहजनित दोष कम गराउने शास्त्र पनि हो । ग्रह दोष कारक छ भने त्यसको नकारात्मक प्रभाव कम गराउन ज्योतिषीय उपायहरुको अवलम्बन जरुरी हुन्छ । जहाँसम्म सूर्य ग्रहले नकारात्मकता दिने अवस्था जन्मकुण्डलीमा छ भने सूर्य मन्त्रको जप, सूर्य गायत्री तथा अवस्था हेरेर हवन, दान या अन्य उपाय अपनाउनुपर्छ । सामान्यतया यदि सूर्य कमजोर छ र नकारात्मकताले दुःख दिएको छ भने यसको अवस्था हेरेर जडीबुटीजन्य पदार्थ, रत्न, रातो कपडा, आदिको प्रयोग या दान गरेर राहत लिन सकिन्छ। तत्काल ज्योतिषीय सल्लाह लिने अवस्था छैन र सूर्यसम्बन्धी समस्या भोगिरहनु परेको छ भने सूर्य मन्त्र- ॐ घृणिः सूर्याय नमः को जप र सूर्यलाई दैनिक अर्घ दिँदा लाभ मिल्न थाल्छ । मन्त्र जाप र अर्घसँगै सूर्य प्रार्थना मन्त्र-जपाकुसुम संकाशम् काश्यपेयम् महाद्युतिम् । तमोऽरिम् सर्वपापघ्नम् प्रणतोऽस्मि दिवाकरम् ॥ यो मन्त्रले प्रार्थना गर्नु अति लाभदायी हुन्छ ।

अन्त्यमा सूर्य पिताको मात्र नभई पितृहरुको पनि कारक भएकाले हरेक दिन पितृहरुको स्मरण र तर्पणले पनि सूर्यको नकारात्मक फल कम गर्न हुन्छ । हरेक दिन सूर्यलाई अर्घ दिँदा पितृहरुको पनि स्मरण गर्दा पितृकृपा मिल्छ । जसलाई पितृकृपा मिल्छ, उसलाई कुनै पनि ग्रहजनित दोषले बिगार्न सक्दैन भन्ने शास्त्रीय वचन छ । यति गर्दा पनि सूर्यको नकारात्मक फल कम भएन भने उचित परामर्श लिएर दोष निवारण गर्नु नै उचित हुन्छ। (लेखक दक्षिण एशियाली ज्योतिष महासङ्घका सङ्गठन सचिव हुनुहुन्छ)



डिसेम्बर मा लिइएको यो हवाई तस्बिरले दक्षिणपश्चिम चीनको युनान प्रान्तको लिंकाङ शहरमा बादलको समुद्रको बीचमा एउटा राजमार्ग देखाउँछ।
तस्वीर : (सिन्ह्वा/जियांग वेन्याओ)

# जेसिजकप फुटबलको उपाधि शारदा माविलाई



बेनी, २५ मङ्सिर
म्याग्दी सदरमुकाम बेनीमा शनिबार सम्पन्न २०औँ अन्तरमावि जेसिजकप फुटबल प्रतियोगिताको उपाधि शारदा मावि छिसबाङले हात पारेको छ। फाइनलमा बेनीको प्रकाश माविलाई एकका विरुद्ध दुई गोल गर्दै मङ्गला गाउँपालिका-५ मा रहेको शारदा माविले पहिलोपटक जेसिजकपको उपाधि जितेको हो ।यसै वर्षमात्रै कक्षा १० को पठनपाठन सुरु गरेको शारदा माविले गत वर्षदेखि मात्रै जेसिजकपमा सहभागिता जनाएको थियो । बेनीको खुलामञ्चमा भएको फाइनलको पहिलो हाफमा प्रकाश माविले एक गोल गर्दै शारदा माविलाई दबाबमा राखेको थियो ।

दोस्रो हाफमा लयमा फर्किएका शारदा माविका खेलाडीले दुई गोल गरी प्रकाश माविलाई एक गोलमै रोकेपछि जेसिजकपको उपाधि चुमेका हुन् ।प्रतियोगितामा विजेता शारदा माविका खेलाडीलाई जेसिजकप रनिङ शिल्ड, ट्रफी, मेडल र प्रमाणपत्रसहित नगद रु ५२ हजार दुई सय २२ र उपविजेता प्रकाश माविका खेलाडीलाई ट्रफी, मेडल र प्रमाणपत्रका साथमा नगद रु ३२ हजार दुई सय २२ पुरस्कार प्रदान गरिएको छ। कार्यक्रममा नेपाल जेसिजका राष्ट्रिय अध्यक्ष लालमणि भण्डारी, पूर्व राष्ट्रिय अध्यक्ष धनञ्जयकुमार श्रेष्ठ, म्याग्दी जेसिजका शाखा अध्यक्ष सन्दीप खत्री, संस्थापक अध्यक्ष एवं बेनी नगरपालिका-७ का वडाध्यक्ष रमेशकुमार श्रेष्ठ, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिनेश केसीलगायतले विजेता र उपविजेता खेलाडीलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।फाइनल खेलमा शारदाका सिमन सिउथानी उत्कृष्ट खेलाडी घोषित हुँदा उत्कृष्ट गोलरक्षकको पुरस्कार शारदाकै देवेन्द्र पुर्जाले हात पारे । प्रतियोगितामा प्रकाश माविका रिजन पुनले सर्वाधिक गोलकर्ता र उत्कृष्ट मिडफिल्डरको पुरस्कार पाउन सफल भए भने प्रकाश माविकै सुमन पुन उत्कृष्ट डिफेन्डर र सन्देश तामाङ उत्कृष्ट स्ट्राइकर बन्न सफल भए ।

प्रतियोगितामा केबी एकेडेमीका दीक्षित पुन राइजिङ प्लेयर, बालमन्दिर आधारभूत विद्यालयका शिक्षक बिर्सना चोखाल उत्कृष्ट कोच र केवी एकेडेमी अनुशासित टिमको रूपमा पुरस्कृत भएका छन् ।प्रतियोगितामा उत्कृष्ट खेलाडी, गोलरक्षक, डिफेन्डर, स्ट्राइकर, मिडफिल्डर, प्रशिक्षक, सर्वाधिक गोलकर्ता तथा राइजिङ प्लेयरलाई विभिन्न अवार्डबाट नगद रु दुई हजार पाँच सयको साथमा ट्रफी, मेडल र प्रमाणपत्रसहित पुरस्कृत गरिएको छ भने अनुशासित टिमलाई नगद रु सात हजार सात सय ७७ को साथमा प्रमाणपत्रद्वारा पुरस्कृत गरिएको छ ।गत मङ्सिर २१ गतेदेखि सुरु भएको प्रतियोगितामा जिल्लाका विभिन्न १८ विद्यालयले सहभागिता जनाएका थिए ।

म्याग्दी जेसिजले हरेक वर्ष आयोजना गर्ने यस प्रतियोगितालाई यस वर्ष गौमती खत्री विकास कोषले मुख्य प्रायोजकको रूपमा आर्थिक सहयोग गरेको थियो । 'जेसिजकप फुटबल म्याग्दीको शान-प्रतिभाको पहिचान र क्षमता प्रस्फुटन' भन्ने मूल नाराका साथ सञ्चालन गरिएको प्रतियोगितामा कक्षा १० सम्मका विद्यार्थीले सहभागिता जनाएका थिए ।रासस

# जर्सी टापुमा विस्फोटः तीन जनाको मृत्यु, दर्जनौं बेपत्ता



सेन्ट हेलियर, २५ मङ्सिर,
शनिबार जर्सीको च्यानल टापुको एक अपार्टमेन्ट भवनमा विस्फोट हुँदा कम्तीमा तीन जनाको मृत्यु भएको छ भने एक दर्जन बेपत्ता भएका छन् । सीएनएनले उक्त टापुका मुख्यमन्त्री क्रिस्टिना मूरलाई उद्धृत गर्दै घटना बारे जनाकारी गराएको हो । स्थानीय समय अनुसार बिहान ४ बजे मात्रै घटनाबारे स्थानीय प्रहरीलाई खबर गरिएको थियो । राज्यका जर्सी प्रहरीका प्रमुख अधिकारी रोबिन स्मिथले घटनाबारे प्रहरीलाई खबर गरेपछि आपतकालीन सेवाहरूले घटनास्थलमा पुगेर उद्धार कार्य अगाडि बढाएको जानकारी दिए ।

उक्त तीन तले भवन पूर्ण रूपमा भत्किएको" र वरपरको दृष्य हृदयविदारक देखिएको थियो ।

बेपत्ताको खोजी र उद्धारकार्य तीव्र बनाइएको स्मिथले बताएका छन् । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ । (रासस- एएनआई)

# डब्ल्युएचओद्वारा युगान्डालाई स्वास्थ्य सहयोग



कम्पाला, २५ मङ्सिर
विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले युगान्डाका खडेरी र खाद्य असुरक्षाको सामना गरिरहेका जिल्लाहरूमा प्रयोग गर्ने गरी ११ लाख अमेरिकी डलरभन्दा बढीको स्वास्थ्य सामग्री प्रदान गरेको छ ।

शुक्रबार सोबारे ट्वीट गर्दै सङ्गठनले उक्त सामग्रीको आपूर्तिले कारामोजा, लांगो र टेसो क्षेत्रका २० जिल्लाहरूमा खडेरी र खाद्य असुरक्षाको स्वास्थ्य प्रभावलाई सम्बोधन गर्न सहयोग गर्ने जनाएको छ । यो सहयोगले स्वास्थ्य सुविधा र सामुदायिक स्तरमा औलो, मातृ, नवजात र बाल स्वास्थ्य, पोषण, क्षयरोग र एचआईभी लगायतका अत्यावश्यक स्वास्थ्य सेवाहरूको निरन्तरता सुनिश्चित गर्ने लक्ष्य राखेको छ, डब्लुएचओ कार्यालयका घटना प्रबन्धक चार्ल्स न्जुगुनाले उल्लेख गरेका छन् ।स्वास्थ्य मन्त्री रुथ एसेङ्गले देशले सामना गरिरहेको इबोला प्रकोप बाहेक युगान्डाको जीवनलाई खतरामा पार्ने अन्य स्वास्थ्य आपतकालहरू पनि रहेको बताइन्।एसेङले डब्ल्यूएचओको सहयोगले प्रभाव विरुद्धको लडाइलाई बलियो बनाउन मद्दत गर्ने बताएका छन् । (रासस-सिन्ह्वा)


# डेमोक्रेटिक सेल्फ गभर्नमेन्ट लिगको अध्यक्ष निर्वाचित



बेइजिङ, २५ मङ्सिर,
ताइवान डेमोक्रेटिक सेल्फ गभर्नमेन्ट लिग (टीडिएसएल) को केन्द्रीय समितिको अध्यक्षमा सु हुइ निर्वाचित भएका छन् ।

करिब तीन हजार ४०० सदस्य भएको गैर-कम्युनिष्ट राजनीतिक पार्टी टीडिएसएलले बेइजिङमा ११ औं राष्ट्रिय महाधिवेशन सम्पन्न गरेपछि यो निर्णय घोषणा गरिएको हो। सु चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलनको राष्ट्रिय समितिको उपाध्यक्ष पनि हुन् । टीडिएसएलको राष्ट्रिय काङ्ग्रेसको समापन सत्रमा ६९ सदस्यीय नयाँ केन्द्रीय समिति चयन गरिएको थियो सो समितिले सुलाई अध्यक्षको रूपमा चयन गरेको हो ।सन् १९४७ नोभेम्बर १२ मा स्थापना भएको टीडिएसएल चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा राज्य मामिलाहरूमा भाग लिने चीनका आठ गैर-कम्युनिष्ट पार्टीहरू मध्ये एक हो । (रासस-सिन्ह्वा)

# बाढीले यात्रुवाहक कार बगाउंदा फिलिपिन्समा आठ जनाको मृत्यु



मनिला, २५ मङ्सिर,
फिलिपिन्सको रिजाल प्रान्तमा शनिबार राति आएको बाढीले यात्रु जिप बगाउँदा पाँच वर्षीया बालिकासहित आठ यात्रुको मृत्यु भएको प्रहरीले आइतबार जनाएको छ ।

तनय शहर प्रहरीका गस्तीकर्मी जेसन बेनिटेजले सिन्ह्वालाई बताएअनुसार दुर्घटना राति ९ बजेअघि भएको थियो। स्थानीय समय अनुसार शनिबार २५ जना यात्रु बोकेको जीपनी उत्तरबाट गाउँतर्फ जाँदै गरेको र खोला तर्ने क्रममा थियो । तनय नगरपालिका प्रकोप न्यूनीकरण व्यवस्थापन कार्यालयका प्रमुख नोर्बर्टो फ्रान्सिस्को माटिएन्जोले बाढीले बगाउँदा जीप नदीको बीचमा फसेको बताएका छन् । दुर्घटनामा परी ज्यान गुमाउने सात जना ६० वर्ष नाघेको र एक जना घाइते भएको उनले बताए ।

लामो समतल यात्री जीपनीहरू फिलिपिन्समा सार्वजनिक यातायातको सबैभन्दा लोकप्रिय माध्यम हो। यी प्रतिष्ठित गाडीहरू दोस्रो विश्वयुद्धदेखि फिलिपिन्सको सडकमा गुडिरहेका छन् । (रासस-सिन्ह्वा)

# विश्वकप सेमिफाइनलको समिकरण पुरा



२५ मंसिर, काठमाडौं
कतारमा जारी २२औं फिफा विश्वकपको सेमिफाइनलको समीकरण पूरा भएको छ । सेमी फाइनलसम्म पुग्दा पाँच पटकको विजेता ब्राजिल बाहिरिसकेको छ । अहिलेको पुस्ताका उत्कृष्ट खेलाडी मध्ये एक क्रिस्टियानो रोनाल्डो पहिलो रोजाइमा परेनन् । अफ्रिकन राष्ट्र मोरक्को इतिहास कायम गर्दै सेमिफाइनल पुग्यो । पेनाल्टी बचाएर केही गोलकिपरहरू नायक बनेका छन् । अन्तिम नतिजा नजिकिँदै गर्दा यसपटकको विश्वकप रोमाञ्चकसँगै आश्चर्यजनक जस्तै बनिरहेको छ। यस पटक खेलका नतिजा सोचेभन्दा फरक आइरहेको छन् । उपाधि दावेदा र नाम चलेका खेलाडीहरू भटाभट आउट भइरहेका छन् । यस्तै नयाँ टिमले पनि इतिहास बनाए । क्वाटरफाइनलमा ८ खेल सकिएपछि कतार विश्वकपले सेमिफाइनल पुग्ने चार टिम पाइसकेको छ । सर्वाधिक पाँच पटकको विश्वकप विजेता ब्राजिल क्वाटरफाइनलबाटै बाहिरियो । मोरक्को अफ्रिकाबाट विश्वकप सेमिफाइनल पुग्ने पहिलो टिम बन्यो । विश्वकपका ६४ मध्ये ६० खेल सकिएको छ र अब जम्मा चार खेल बाँकी छ । तेस्रो स्थानको खेललाई छाड्ने हो भने अबको तीन खेल एकदमै प्रतिक्षित हुनेछ । अब बाँकी चार टिममध्ये कसले जित्ला उपाधि भन्ने कौतुहलता झन् बढेको छ ।

के यसपटक नयाँ टिम विजेता होला वा पुरानै टिमले उपाधि थाप्लान् ? त्यसका लागि पुस तीन गतेसम्म कुर्नुपर्नेछ । ब्राजिलसँगै क्रिस्टियानो रोनाल्डोको पोर्चुगल, नेदरल्याण्ड्स अनी क्वाटरफाइनलबाटैबाहिरिसकेका छन्। त्यसअघि दुई पूर्वविजेता जर्मनी र उरुग्वे समूह चरणबाटै बाहिरिए भने अर्का पूर्वविजेता स्पेन अन्तिम १६ बाट घर फर्कियो । यसपटक सेमिफाइनलसम्म आइपुग्दा सबैभन्दा ठूलो सरप्राइज भने मोरक्को रह्यो। पूरा अफ्रिकाको प्रतिनिधित्व गर्दै मोरक्कोले सेमिफाइनल पुगेर इतिहास रचेको छ । सेमिफाइनल पुगेका मध्ये दुई पूर्व विजेता छन् भने दुई टिमले उपाधि जितेका छैनन्।

अर्जेन्टिनाल र फ्रान्सले उपाधि जितिसकेका छन् भने क्रोएसिया साविक उपविजेता हो । मोरक्को नयाँ हो । अब फाइनल समीकरण जस्तो पनि बन्न सक्छ । दुई पूर्वविजेता वा दुई उपाधि जित्न बाँकी टिम फाइनल पुग्न पनि सक्छ । यदि क्रोएसिया र मोरक्को फाइनल पुगेमा विश्वकपले १२ वर्षपछि नयाँ विजेता पाउनेछ। पछिल्लो पटक विश्वकप जित्ने नयाँ टिम स्पेन हो । स्पेनले २०१० जितेको थियो ।

# धानको समर्थन मूल्य तोक्ने माग सहित खाद्य संस्थानमा धर्ना

मधेशदृष्टि
वीरगंज, मंसिर २५ ।
नेपाल किसान संघ पर्साले आइतबार धानको समर्थन मूल्य कार्यान्वयनको लागि खाद्य संस्थान वीरगंजमा धर्ना दिएको छ । घण्टाघरबाट किसानहरुको र्‍याली नगर परिक्रमा गर्दै धानको समर्थन मूल्य कायम तथा मल उपलब्ध गराउनुपर्ने माग गर्दै धर्ना दिएका हो । किसानका अगुवा असर्फी साह तेलीको नेतृत्वमा खाद्य संस्थान पुगेका किसानहरुले राज्यले किसानप्रति गरेको भेदभाव तत्काल समाधान नगरे केही समयभित्र पर्साभरिका किसानहरुलाई उतारेर कार्यालय घेराउ गर्ने चेतावनी दिएका छन् । अर्का किसान नेता सहरुम राउत गद्दीले सरकारले किसानहरुले उत्पादन गरेको धानको मूल्य नतोक्नु किसानमाथिको खेलवाड भएको आरोप लगाउनु लगाए । उनले धान उत्पादन भए पनि उचित मूल्य नपाउँदा किसानहरु मारमा परेको बताए । किसानहरुले भारतबाट किसानहरुले नक्कली मल चर्को मूल्यमा खरीद गरी गहुँको बाली लगाउनुपर्ने अवस्था भएकोले तत्काल समस्याको समाधान हुनुपर्ने माग गरेका छन् । स्थानीय सरकारले पनि किसानहरुको लागि केही नगरेको आरोप किसान नेताहरुले लगाएका छन् ।




# किसान सस्तोमा उखु बेच्न बाध्य

मधेशदृष्टि
सर्लाही, मंसिर २५ ।
उखु मिलहरूले समयमै भुक्तानी नदिने देखेर उखुँ उत्पादक किसान सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएका छन् । सर्लाहीमा तीनतीनवटा चिनी मिलहरु संचालनमा रहेको भएपनि किसानहरु सस्तोमा सक्खर उधोगहरुलाई उखु बेचेर नगद लिन थालेका छन् । सर्लाहीको मध्य हरिवन नगरपालिका- ११ इन्दुशङ्कर चिनी मिल छ भने अन्नपूर्ण र महालक्ष्मी सुगर मिलले पनि सर्लाहीमै छन् ।विगतमा समयमै उखु उत्पादक किसानको भुक्तानी नदिएपछि हैरान भएका किसानले उत्पादन गरेको उखु सक्खर उद्योगलाई बेच्न थालेका हुन् । किसान उखु निकालेर खाली भएको जमिनमा मुसुरो, गहुँ र धनियाँ लगाउन थालेका छन् । ढिलो पैसामात्र पाउँने नभएर मिलहरु पनि ढिलो संचालन हुने भएकोले किसानले वैकल्पिक व्यवस्था खोजेको देखिन्छ । जानकारहरुका अनुसार इन्दुशङ्कर चिनी मिल पुसको पहिलो साताबाट सञ्चालन गर्ने तयारी भइरहेको छ । उता अन्नपूर्ण सुगर मिल र महालक्ष्मी सुगर मिल भने अहिलेसम्म संचालन हुने वा नहुने टुंगो लागेको छैन । उखु उत्पादक किसानको पोहोर देखीको रकम भुक्तानी गर्न बाँकी रहेकोले ती मिलहरु सचालन हुनेनहुने एकिन हुन नसकेको हो । भुक्तानीको चिन्ता सधैँ रहिरहने गरेका कारण पनि किसान सक्खर उद्योगलाई उखु बिक्री गर्न वाध्य छन् । नगदेबालीका रूपमा रहेको उखु बेच्ने अन्य कुनै विकल्प नभएकाले सक्खर उत्पादन गर्ने उद्योगलाई बेचेको हरिऔंनका एक किसान बताउँछन् । सरकारले यस वर्ष उखुको मूल्य प्रति क्विन्टल ६ सय निर्धारण गरेको भए पनि जिल्लाका किसानले अहिले सक्खर उद्योगलाई प्रति क्विन्टल रु तीन सय ५० का दरले उखु बेचिरहेका छन् ।

# मेयर घरदैलो स्वास्थ्य शिविर



मधेशदृष्टि
वीरगन्ज, मंसिर २५ ।
'मेयर घरदैलो स्वास्थ्य शिविर' वीरगन्ज महानगरपालिका वडा नम्बर २० हरपतगंज स्वास्थ्य चौकीमा आइतबार देखि शुरु भएको छ ।
महानगरका विभिन्न वडाहरुमा क्रमशः सेवा दिदै आएको मेयर घरदैलो स्वास्थ्य शिविर अर्न्तगत वडा नम्बर २० मा सञ्चालित शिविरमा पहिलो दिन ५४ जना महिला सहित १ सय ४ जना स्थानीयबासीले स्वास्थ्य सेवा लिएका छन् । डाक्टरको सल्लाह र आवश्यकता अनुसार १५ जनाले ल्याब सेवा समेत लिएका छन् । बिरामीको अवस्था हेरी मोबाइल ल्याबबाट तत्कालै रगत परिक्षण गराइ समस्या अनुसार निःशुल्क औषधी पनि वितरण गरिएको जनाइएको छ ।
घरदैलोमै सबै खालका चेकजाँच हुने गरी स्वास्थ्य सेवा पुगेपछि सदरमुकाम धाइरहने अवस्था हटेकोले स्वास्थ्य चेकजाँच गराउन आउने सेवाग्राहीको भीडभाड लाग्ने गरेको छ ।

# जिल्ला प्रशासनको सेवा सहज बनाउन माग

मधेशदृष्टि
वीरगंज, मंसिर २५ ।
परिवर्तनको लागि राजनीतिक समूहले आइतबार जिल्ला प्रशासन कार्यालय पर्सामा पुगेर सेवाग्राहीहरुले भोग्नु परेको समस्याको बारेमा निमित्त प्रमुख जिल्ला अधिकारी महेशराज तिमिल्सिनाको ध्यानाकर्षण गराएको छ ।
जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा सहज रुपमा सेवाग्राहीले नपाएको, नागरिकता प्रतिलिपी, राष्ट्रिय परिचयपत्र तथा राहदानीको लागि आउने सेवाग्राहीहरुलाई प्रशासन कार्यालयका कर्मचारीहरुले अनावश्यक समस्या उत्पन्न गराइ दुख दिने गरेको सम्बन्धमा निमित्त प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराइएको परिवर्तनका लागि राजनीतिक समूहका सलाउद्दिन अहमदले जानकारी दिए ।
समूहले सेवाग्राहीका समस्यालाई तत्काल सम्बोधन गरी प्रशासनले प्रदान गर्ने सेवाप्रवाहलाई सरल, सुविधापूर्ण र पारदर्शी बनाउन माग गरेको छ । सो अवसरमा परिवर्तनको लागि राजनीति समुहका मुकेश द्विबेदी, सुजित गिरि, श्याम गुप्ता , सन्दीप साह, उमाशन्कर गुप्ता, नन्दलाल रौनियार लगायतको उपस्थिति रहेको थियो ।

# नगर प्रमुख सिंह टोलटोलबाट सुझाव संकलन गर्दै



मधेशदृष्टि
वीरगंज, मंसिर २५ ।
नगरको विकासमा नगरवासीको प्रत्यक्ष सहभागिता गराउने उद्देश्यका साथ वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले नगरका विभिन्न टोल तथा वस्तीहरुमा पुगेर नगरवासीको समस्या तथा सुझाव संकलन गर्ने अभियान सुरु गरेका छन् । नगर प्रमुख सिंहले नगरवासीकै चाहना अनुरुप काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै सुझाव संकलनलाई तिव्रता दिनु भएका हुन् । सिंहले शनिबार विहान वडा नम्वर १ बजार छपकैयाँको नयाँ टोलमा स्थानीयलाई भेट्दै त्यहाँको विकासका लागि गर्नुपर्ने कामका बारेमा सुझाव लिएका थिए । आइतबार वीरगंज महानगरपालिका वडा नम्बर १६ बसपार्क क्षेत्रमा बसोव गर्ने स्थानियको सुझाव संकलन गर्नु गरेका छन् । नगर प्रमुख सहित पुगेको टोलीलाई ग्रामिण वस्तीमा स्थानियले स्वागत गर्दै टोल टोलमा विग्रिएको बाटो मर्मत, नालाको स्तर उन्नती, विद्युतीय तारको व्यवस्थापन लगायतका समस्या तत्काल समाधान गर्न आग्रह गरेका थिए ।
स्थानीयको समस्या सुनेपछि नगर प्रमुख सिंहले आफूहरु समस्या समाधानका लागि नै टोलटोलमा आएको बताउँदै समस्या समाधानका लागि तत्काल काम अघि बढाइने प्रतिबद्धता व्यक्त गरेका छन् । नयकाटोला हुदै जनताको समस्या बुझ्न ग्रामिण बस्ती पुगेका सिंहले वडा नम्वर २४ रामगढवामा निर्माण भइरहेको सडक ढलानको अनुगमन गर्दै गुणस्तरीय काम गर्न निर्देशन दिएका छन् । रामगढवाका स्थानीयले नगर प्रमुख समक्ष तिलाबे नदीका कारण वर्षायाममा आफ्नो टोल डुबानमा पर्ने भएकाले त्यसका लागि सहज निकासको व्यवस्थाका गर्दै नाला र सडक निर्माण गरिदिन आग्रह गरेका थिए । त्यस्तै वडा नम्वर २१ परवानीपुर पुगेका सिंहले धम्म तराई विपश्यना केन्द्र अगाडि रहेको पार्कको निरीक्षण गर्दै त्यसलाई व्यवस्थित बनाउन निर्देशन दिएका छन् । वडा नम्बर २७ रामपुर जसौलीमा सडकमा साघुरो कल्भर्टका कारण स्थानियले भोग्दै आएको समस्या समाधानका लागि पुल निर्माण गर्न नगरपालिकाका इन्जिनीयर भरत थापालाई निर्देशन पनि सिंहले दिए ।
रामपुर जसौलीमा रहेको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको भौतिक स्तरोन्नतिका साथै शैक्षिक अवस्था सुधारका लागि आवश्यक व्यवस्था मिलाउने प्रतिवद्धता पनि सिंहलेल व्यक्त गरेका छन् । वीरगंज महानगरपालिकाको विभिन्न वडामा चालु रहेका योजनाको अनुगमन, गर्नुपर्ने कामहरुको प्राथमिकिकरण र योजना कार्यान्वयनका लागि नगर प्रमुख सिंह महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल, प्राविधिक सल्लाहकार प्रकाशमान सिंह अमात्य, योजना शाखाका प्रमुख राजेश चौरसिया, इन्जिनीयर भरत बहादुर थापा सहितको टोली लिएर टोल टोलमा पुग्ने र जनताका समस्या बुझ्ने कामको सुरुवात भएको छ ।

# भुक्तानी माग गर्दै उपभोक्ता समितिले घेरे अर्थमन्त्रालय

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २५ ।
उपभोक्ता समितिले बक्यौता भुक्तानीको माग्दै मधेस प्रदेशको अर्थ मन्त्रालय घेराउ गरेको छ । प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयलगायत अन्य मन्त्रालयका विभिन्न योजनाहरुको विकास निर्माणको आर्थिक वर्ष २०७८/०७९ मा गरेपनि हालसम्म भुक्तानी नपाएको भन्दै सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरुले विरोध प्रदर्शन गर्दै मन्त्रालय घेराउ गरेका हुन् । काम गरेको महिनौ बितिसक्दासमेत भुक्तानी नपाएकोले यथाशीघ्र आफूहरुको भुक्तानी हुनुपर्ने माग गर्दै समितिका पदाधिकारीहरुले नारा जुलुस समेत नगरभरि प्रदर्शन गर्दै मन्त्रालय घेराउ गर्न पुगेका थिए । धनुषाको धनौजी गाउँपालिकामा पिसिसि ढलानको काम गरेका सोनु निधिले आर्थिक वर्ष २०७८/७९ मा विभिन्न मन्त्रालय अन्तर्गतको चारदर्जन विकास निर्माणको काम गरेका उपभोक्ता समितिले काम सम्पन्न गरेको महिनौ बितिसक्दा पनि भुक्तानी नपाएकोले बाध्य भएर मन्त्रालय घेराउ गरेको जानकारी दिएका छन् । उनले आफूहरुले काम सम्पन्न गरेको महिनौं बितिसकेको अवस्थामा अब बैंकको व्याज तिर्नसमेत समस्या भइरहेपनि भुक्तानीका लागि प्रदेश सरकारले चासो नदेखाएको गुनासो गरे । बैंकको व्याज महिनाको ८० हजार तिर्नुपरेको उनले बताए ।
भुक्तानीको विषयमा प्रमुख सचिवले कुरा गर्न जाँदा आलटाल गर्दै आएको गुनासो उनले गरे । उनीहरुले मुख्यमन्त्री कार्यालयमा तालाबन्दी गर्न खोज्दा प्रहरीले रोकेको थियो ।
यता, चुनावको कारणले केही महिना अगाडी देखि नै आचारसंहिता लागिसकेको अवस्थामा उपभोक्ता समितिको भुक्तानी गर्न नसकेको सम्बन्धित मन्त्रालयहरुले जानकारी दिएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयको मात्रै ३२ वटा योजनाको करोडौं रकम भुक्तानी गर्न बाँकी रहेको छ । यसमा अन्य मन्त्रालयहरुमा गरेको कामकाज पनि रहेको छ । अन्य मन्त्रालयहरुको पनि विभिन्न उपभोक्ता समितिहरुको करिव १ अर्ब जति रकम भुक्तानी गर्न बाँकी रहेको छ । यसअघि, आर्थिक वर्ष २०७५/०७६ मा पनि प्रदेश सरकारको योजनाको भुक्तानी बक्यौता रहन गएको थियो । उपभोक्ता समितिहरुले महिनौ आन्दोलन गर्दा दुई वर्षपछि कानून संशोधन गरी भुक्तानी गरिएको थियो ।




## बृहत निःशुल्क स्वास्थ्य शिविर

(विशेषज्ञ डाक्टरहरुद्वारा निःशुल्क उपचार)

डा. दिग्बिजय कु. ठाकुर
एम.बि.बि.एस. (नेपालगञ्ज मेडिकल कलेज, के.यू.)
एम.डि. (वीर हस्पिटल, काठमाण्डौ)
कन्सलटान्ट फिजिसियन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:10943

डा. अभय मण्डल
एम.बि.बि.एस.
एम.डि. (के.यु.) नेपाल
बाल रोग विशेषज्ञ
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:6200

डा. अनिल कुमार शाह
एम.बि.बि.एस. (के.यु.) नेपाल
एम.डि. (टि.यु.) नेपाल
नवजात शिशु तथा बालरोग विशेषज्ञ
N.M.C.No.:11493

डा. स्वाति ज्यसवाल
एम.बि.बि.एस., एम.डी. (पिजीआई, चंढीगढ)
Fellowship in infertility, New Delhi
स्त्री, प्रसुती तथा निःसन्तान रोग विशेषज्ञ
N.M.C.No.:14019

डा. बीरेन्द्र भगत
MBBBS (BPKIHS, Dharan)
MD (PGI, Chandigarh)
Fellowship gynecologist (NAMS, Bir Hospital)
स्त्री, प्रसुती तथा क्यान्सर रोग विशेषज्ञ
N.M.C.No.:16286

डा. राजेश कुमार साह
एम.बि.बि.एस. (के.यु.)
एम.एस. (टि.यु.) नेपाल
जेनरल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
मेडिकल अधिकृत
N.M.C.No.:11070

डा. पंकज प्रताप देव
MBBS, MD
(Gold Medalist)
Gynaecologist Associate Professor
N.M.C.No.:6218

डा. सज्जन कुमार शर्मा
एम.बि.बि.एस. (के.एम.सी., काठमाण्डौ)
एम.डी. (नोबेल हस्पिटल, बिराटनगर
स्त्री तथा प्रसुति रोग विशेषज्ञ
N.M.C.No.:13652

डा.कुण्दन मिश्र
बि.डि.एस. (पटना, भारत)
डेण्टल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:4467

मि.दिनेश साह
आँखा सम्बन्धी
O.A.B. Optm
NHPC No.:A-476 OPT

शिविरका प्रमुख विशेषताहरु:-
१. वरिष्ठ चिकित्सक डा. दिग्बिजय कुमार ठाकुर द्वारा दम, सुगर (डाइविटिज), (प्रेसर, थाइरोइड) तथा छाती सम्बन्धी सम्पूर्ण समस्या, हृदय, मष्तिश्क (Brain), पेट सम्बन्धी सम्पूर्ण समस्या, जोर (गेठिया, बाथ) र नशा सम्बन्धी सम्पूर्ण उपचार ।
२. डा. राजेश साह द्वारा विभिन्न किसिमको शल्यक्रिया सेवा ।
३. डा. अभय मण्डल, डा. अनिल कुमार साह, द्वारा बालरोग उपचार सेवा ।
४. डा. स्वाति ज्यसवाल, डा. बीरेन्द्र भगत, डा.सज्जन कुमार शर्मा द्वारा प्रसुतीरोग सम्बन्धी सम्पूर्ण जाँच ।
५. डा. कुन्दन मिश्रा द्वारा दाँत तथा मुख रोग सम्बन्धी सम्पूर्ण उपचार सेवा ।
६. हार्ड तथा जोर्नी रोग सम्बन्धी सम्पूर्ण जाँचहरु । ७. आँखा सम्बन्धी सम्पूर्ण उपचार सेवा ।
८. ECG (मुटु रोगीको लागि), PFT (छाती रोगी, दम रोगीहरुको लागि), सुगर, पिसाब र बल्ड सम्बन्धी अन्य जाँचहरु । ९. निःशुल्क प्रयाप्त औषधी पनि वितरण गरिनेछ ।

सम्पर्क व्यक्ति
अशोक कुमार मण्डल Mob.:9866324295/9812053192
राम जिबन मण्डल Mob.:9864043939
सुरेन्द्र यादव Mob.:9800842888

मिति: २०७९ पुस १ र २ गते शुक्रवार र शनिवार
स्थान: कमला नगरपालिका वडा नं. १, टोल मंगराहा श्री जनता माध्यमिक विद्यालय मंगराहा ईश्वरवाडा

आयोजक
-मेदनता रिसर्च क्लिनिक प्रा.लि.
जनकपुरधाम, अस्पताल रोड
Mob.:9817810790 (Roshan)
सहयोगी:- साना किसान सहकारी संस्था लि.
कमला युवा सञ्जाल

मिडिया पार्टनर :- मधेशदृष्टि राष्ट्रि दैनिक पत्रिका
जनकनन्दनी एफ.एम. ९५.५ मेगाहर्ज


डा. दिग्बिजय कु. ठाकुर

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल